# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क १६ | २०७३ असोज १७ गते सोमबार | Monday, Oct 3, 2016 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी पत्रकार महासंघको नेवा:मा सचिर महर्जन



**काठमाडौं ।** पत्रकार सचिरनन्द महर्जनको संयोजकत्वमा क्रान्तिकारी पत्रकार महासंघ नेवाः राज्य समिति पुर्नगठन भएको छ । राजधानीमा शुक्रबार भएको विशेष भेलामार्फत महर्जनको नेतृत्वमा समिति पुर्नगठन गरिएको हो । तीन सदस्य पछि थप्नेगरी २१ सदस्यीय पुनर्गठित नेवा राज्य समितिको सचिवमा सिर्जन ढकाल रहेका छन् भने सदस्यहरुमा कुमार भट्टराई, अनित पाण्डे, युवराज अर्याल, गोपाल दास श्रेष्ठ, सानुकाजी महर्जन, टंकप्रसाद रेग्मी, प्रकाश भण्डारी, रिदेन महर्जन, सरोज डंगोल, तीर्थमान महर्जन, निरञ्जन श्रेष्ठ, मनोज सायमी, सन्तोष दाहाल, विष्णु आले, प्रतिक सिंदेल र भागवत नरसिंह प्रधान रहेका छन् । नेकपा (क्रान्तिकारी माओवादी) नेवाः राज्य समितिका इन्चार्ज दिनेश शर्मा र क्रान्तिकारीकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतको विशेष उपस्थितिमा समिति पुर्नगठन गरिएको हो ।

## भ्रममा नपर्न क्रान्तिकारी पत्रकार महासंघको आग्रह

**काठमाडौं ।** नेकपा (क्रान्तिकारी माओवादी) निकट पत्रकारहरुको संगठन क्रान्तिकारी पत्रकार महासंघले आफ्नो संगठनसँग एकता भएको भनेर भ्रम फैलाइएकोप्रति आपत्ति प्रकट गरेको छ । हाले भएको माओवादी केन्द्रनिकट पत्रकार संगठन प्रेस सेन्टरको सम्मेलनलाई क्रान्तिकारी पत्रकार महासंघसँगको एकता भएको भनेर भ्रम छर्न खोजिएको भन्दै महासंघले आपत्ति प्रकट गरेको हो । महासंघका महासचिव केशरमणि कटुवालले एक विज्ञप्ति जारी गर्दै २४ साउन, २०७३ मा क्रान्तिकारी पत्रकार महासंघको राष्ट्रिय सम्मेलन पश्चात इन्द्र राउतको नेतृत्वमा निर्माण भएको महासंघको सिंगो केन्द्रीय समिति क्रियाशील रहेको उल्लेख गरेका छन् । 'हाम्रो संगठनप्रति भ्रम फैलाउने गलत मनसायले एकतामा नाम जोडेर हाम्रो संगठनको अस्तित्वमाथि धावा बोलिएकोमा गम्भीर आपत्ति प्रकट गर्न चाहन्छौं । क्रान्तिकारी पत्रकार महासंघमा आबद्ध रहेका केही साथीहरु हाम्रो संगठन छाडेर प्रेस सेन्टरमा समाहित हुन गएपनि महासंघका अधिकांश केन्द्रीय सदस्यहरु अझैपनि क्रान्तिकारी पत्रकार महासंघमा नै क्रियाशील रहेको पनि जानकारी गराउँन चाहन्छौं,' कटुवालद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

### 'औद्योगिक व्यवसायसम्बन्धी ऐन'का विरुद्ध

# क्रान्तिकारी मजदुरहरु संयुक्त संघर्षको तयारीमा

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

व्यवस्थापिका संसदको पूर्ण सदनबाट बिहीबार पारित 'औद्योगिक व्यवसायसम्बन्धी ऐन' मजदुरविरोधी रहेको भन्दै सोको खारेजीको माग गर्दै क्रान्तिकारी मजदुरहरुले संयुक्त संघर्षको तयारीमा जुटेका छन् । अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको कार्यालय कुपण्डोलमा आइतबार नेकपा (क्रान्तिकारी माओवादी), विप्लव माओवादी, नेकपा (मशाल) र नेकपा (माले), नेकपा (मार्क्सवादी), नयाँ शक्ति निकट मजदुर संगठनका नेताहरुको बसेको संयुक्त बैठकले यस्तो निर्णय गरेको अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका केन्द्रीय संयोजक ईश्वर तिमिल्सिनाले बताए । प्राप्त जानकारी अनुसार असो २९ गते संयुक्त बैठक बसेर आन्दोलनका कार्यक्रम घोषणा गर्ने तयारी गरिएको छ ।



बैठकपछि जारी गरिएको संयुक्त विज्ञप्तीमा भनिएको छ, "केही समय पहिले व्यवस्थापिका संसदबाट पारित 'विशेष आर्थिक क्षेत्र विधेयक र २०७३ असोज १३ गते 'औद्योगिक व्यवसाय विधेयक २०७३'प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । श्रमिकहरुको हक हित र अधिकारविरोधी तथा मालिकहरुको एकाधिकारवादी हैकमवादको पक्षमा पारित गरिएको 'हायर एण्ड फाएर' र नो वर्क नो पे तथा हड्तालको अधिकारमाथि समेत प्रतिबन्ध लगाउने उक्त विधेयकको घोर भर्त्सना र खारेजीको माग गर्दछ । नेपालको राजनीतिक आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेको श्रमिक वर्गको अधिकारलाई प्रतिबन्ध लगाउने गरी वर्तमान दलाल पुँजीवादी पक्षीय सरकारले गरेको उक्त विधेयकको खारेजी नगरेमा हाम्रो आन्दोलनबाट निस्कने दुष्परिणामको भागीदार सरकार स्वयम् हुनेछ ।"

संयुक्त विज्ञप्तीमा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको तर्फबाट संयोजक ईश्वर तिमिल्सिना, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ(विप्लव माओवादी)को तर्फबाट अमर झाँक्री, अखिल नेपाल ट्रेड युनियन महासंघ (अन्तुक)को तर्फबाट महासचिव चिन्तमणि शर्मा, नेपाल समाजवादी ट्रेड युनियन महासंघको तर्फबाट संयोजक लालध्वज नेम्वाङ, नेपाल ट्रेड युनियन फेडरेसनको तर्फबाट अध्यक्ष गंगाराम खड्गी, प्रगतिशिल नेपाल स्वतन्त्र ट्रेड युनियन महासंघ(पिकोन्ट)को तर्फबाट संयोजक रामचन्द्र बलामी, ट्रेड युनियन फेडरेसन नेपालको तर्फबाट अध्यक्ष विद्यानन्द लेखी, नेपाल क्रान्तिकारी स्वतन्त्र ट्रेड युनियन महासंघको तर्फबाट अध्यक्ष राजन तिमिल्सिना, नेपाल प्रगतिशिल ट्रेड युनियन महासंघ (फिनेट)को तर्फबाट अध्यक्ष तिलक थापाले हस्ताक्षर गरेका छन् ।

बिहीबार पारित ऐनको औद्योगिक जनशक्ति र श्रमिकको अधिकारसम्बन्धी दफामा उद्योगहरुमा बन्द हड्ताल गर्न नपाइने व्यवस्था गरेको छ । ऐनमा उद्योगी व्यवसायीहरूले विगत लामो समयदेखि उठाउँदै आएको 'नो वर्क नो पे' (काम नगर्दाको अवधिमा ज्याला तिर्नु नपर्ने व्यवस्था) पनि समेटिएको छ । उक्त व्यवस्थामा भनिएको छ, 'सुदृढ औद्योगिक

... बाँकी ७ पेजमा

## २५ बुँदे राष्ट्रघाती सम्झौताको चौतर्फी विरोध

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

काठमाडौं । नेपाल सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल' प्रचण्ड'ले भारतसँग गरेको २५ बुँदे राष्ट्रघाती सम्झौताको चौतर्फी विरोध भइरहेको छ । नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'सम्झौता लगत्तै प्रम दाहालले गम्भीर राष्ट्रघात गरेको बताएका थिए भने पार्टीको नेवाः राज्यले सम्झौताको विरुद्धमा असोज २० गते अन्तर्क्रिया कार्यक्रम आयोजना गर्दैछ । २५ बुँदे सम्झौता सन् पचासको सन्धिभन्दा खतरनाक रहेको नेपाल-भारतसम्बन्धका विशेषज्ञहरुले बताउँदै आएका छन् । यहाँसम्म कि दिल्लीको निकट मानिने नयाँ शक्तिका अध्यक्ष डा.बाबुराम भट्टराई समेत प्रचण्डले सत्तामा टिक्न दिल्लीसँग लम्पसार परेर राष्ट्रघाती सम्झौता गरेको बताएका छन् । उनको पार्टीले सम्झौताको विरुद्ध काठमाडौंको भद्रकालीमा धर्नासमेत दिएको थियो । एमालेका अध्यक्ष केपी ओलीले त यही सम्झौताका विरुद्ध संसदमा नै एक घण्टा बोलेर विरोध गरे । अन्य राष्ट्रवादी पार्टीहरुले पनि यसको विरोध गरिरहेका छन् । आश्चर्यको कुरा त के छ भने चौतर्फी रुपमा यति ठूलो विरोध हुँदा पनि आफूलाई राष्ट्रवादी बताउने माओवादी केन्द्रका नेताहरु खासगरी बादल र गुरुङलगायतका नेताहरुले यस विषयमा साँधेको मौनताले उनीहरुको असली चेहरा उदाङ्गिन पुगेको छ भने अर्का आफूलाई स्वघोषित राष्ट्रवादी बताउने नारायणकाजी समूहले पनि माओवादी केन्द्रबाट अलग्गिने केवल नाटक मञ्चन गरिहेको छ ।

पुष्पकमल दाहालले सुरक्षा मामिला, विदेश मामिला र संविधानको मामिलामा दिल्लीको स्वामित्वलाई स्थापित गरेर नेपालको भुटानीकरण गर्ने दुस्प्रयास गरेका छन् । संयुक्त प्रेस विज्ञप्तीको बुँदा नं. ११ मा संयुक्त राष्ट्र संघ लगायत अन्य अन्तर्राष्ट्रिय संस्थाहरुमा नेपाल र भारत आपसी समन्वयमा काम गर्ने प्रतिबद्धता गरिएको छ, जसबाट नेपालको स्वतन्त्र र असंलग्न परराष्ट्र नीतिलाई वस्तुतः परित्याग गर्ने अत्यन्त गम्भीर र दूरगामी प्रकृतिको राष्ट्रघात हुन गएको छ । त्यसैगरी प्रेस विज्ञप्तीको बुँदा नं. १२ मा नेपाल-भारत खुल्ला सिमानाले सिर्जना गरेका द्विपक्षीय समस्याको वैज्ञानिक समाधान खोज्नुसट्टा त्यसलाई विशिष्ट प्रकारको सम्बन्धको परिभाषा गर्दै सीमा नियमन गर्ने विगतदेखिको मान्यता परित्याग गरिएको छ । बुँदा नं. १३ मा नेपाल-भारत बीच सञ्चालित परियोजनाहरुको अनुगमन गर्ने संयन्त्र गठन गर्ने प्रस्ताव गर्दै नेपाल सरकार र भारतीय दूतावासका वरिष्ठ अधिकारी संयन्त्रमा रहने कुरा उल्लेख गरिएको छ । एकातिर नेपालमा सञ्चालित परियोजनामा बाह्य अनुगमन बिल्कुल आपत्तिजनक त छँदैछ त्यसमा पनि नेपालको तर्फबाट नेपाल सरकार स्वयं रहने र भारतीय सरकारको तर्फबाट दूतावासका वरिष्ठ अधिकारी रहने गरी उल्लेख गरिएको छ । जसबाट नेपालको हैसियत भारतीय सरकारका तुलनामा दूतावासका वरिष्ठ अधिकारीको स्तरमा झारिएको छ । यसर्थमा २५ बुँदे सम्झौताको खारेजी गरिनु पर्दछ । त्यसका निम्ति सम्पूर्ण देशभक्तहरु एक भएर भारतीय दलालहरुका विरुद्ध दबाबमूलक संघर्षको उठान गर्न जरुरी छ ।

## लोकमान केन्द्रित डा.केसीको नवौं अनशन

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

चिकित्सा क्षेत्रका विकृति अन्त्यका लागि भन्दै पटक पटक अनशन बस्दै आएका त्रिवि शिक्षण अस्पताल महाराजगञ्जका वरिष्ठ हाडजोर्नी विशेषज्ञ डा.गोविन्द केसी नवौं पटक अनशन बसेका छन् ।

सोमबारदेखि नवौं अनशन सुरु गरेका उनका माग सम्बोधनका प्रक्रियामा रहेपनि संवैधानिक निकायबाट भएका हस्तक्षेप र अनियमितता विषयमा संसद मौन बसेको भन्दै केसी अनशनमा बसेका हुन् । उनको यो भनाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगतर्फ लक्षित थियो । पत्रकार सम्मेलन गरेर नै उनले एक साताभित्र संसदले सुधारका प्रक्रिया नथाले अनशन बस्ने चेतावनी दिएका थिए ।

चेतावनी दिएको आठौं दिन गत सोमबार ४ बजेदेखि केसी अनशनमा बसेका हुन् । यसको एक घन्टाअघिमात्रै उनले पत्रकार सम्मेलन गरी नवौं अनशन बस्नुको कारण बताएका थिए ।

केसीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रमुख लोकमानसिंह कार्की र आयुक्त राजनारायण पाठकमाथि तत्काल महाअभियोग प्रक्रिया अघि बढाउन माग गर्दै आएका छन् । मूल नै धमिलो रहेसम्म मेडिकल शिक्षा र स्वास्थ्यलगायत क्षेत्रमा व्याप्त भ्रष्टाचार र अराजकता अन्त्य हुन नसक्ने उनको भनाई छ ।

उनले सरकारसँग भएका सहमति समेटेर चिकित्सा शिक्षा ऐन संसद अधिवेशनबाट पारित गर्नुपर्ने, मेडिकल शिक्षाको शुल्क केदारभक्त माथेमा कार्यदलले सिफारिस गरेबमोजिम हुनुपर्ने मागसमेत राखेका छन् ।

चिकित्सा शिक्षासम्बन्धी माग पूरा हुने क्रममा रहेको र अख्तियार प्रमुखको विषय न्यायालयमा विचाराधीन रहेकाले अनशन नथाल्न सरकारले गरेको आग्रह अस्विकार गर्दै केसीले अनशन थालेका हुन् । केसीकै दबाबपछि ...

बाँकी ७ पेजमा

# राष्ट्रिय स्वधीनतामाथि अर्को चुनौती

**नेपालको जनमत र भारतको धुर्त्याई**

केपी ओलीसँग असंतुष्ट भारतका प्रधानमन्त्री मोदीले तिनको(ओलीको) सरकार ढाल्नका लागि उनैको प्रमुख सत्ता साझेदार, यो पश्चगामी संविधान बनाउनका लागि समेतका साझेदार प्रचण्डलाई नै अघि सारे । त्यसको लागि मोदीले प्रचण्डलाई ठूलै उपहार दिए- नेपालको प्रधानमन्त्रीको पद । यसरी दोस्रोपटक प्रम बनेका प्रचण्डलाई मोदीको निर्देशन लिनका लागि होला एक महिना पनि नपुग्दै दिल्लीले राजकीय भ्रमणमा बोलायो । यो भ्रमणमा प्रचण्डले मोदीले लगाएको ऋण ब्याज समेत बुझाएर आउने कुरामा नेपालमा ठूलो जनमत तयार भयो । त्यसले प्रचण्डलाई कुनै पनि सन्धिसम्झौता नगर्नका लागि ठूलै दवाव दियो । प्रचण्डले यसलाई आफ्नो 'हात खुट्टा बाँधिएको' भन्ने आक्रोस समेत पोखे । नेपालको जनमत त्यस्तो भएको थाहा भएपछि मोदीले आफ्नो अभिष्ट पूरा गराउने अर्कै तरिका निकालेको थाहा भयो । उनले प्रत्यक्ष कुनै सन्धि वा सम्झौताको प्रस्ताव राखेनन् । परन्तु त्यसैका काम लिने गरी २५ बुँदे संयुक्त विज्ञप्तिमा प्रचण्डलाई हस्ताक्षर गर्न लगाए । यदि यो संयुक्त विज्ञप्तिलाई जस्ताको तस्तै लागु गर्ने हो भने यो सन् १९५० को सन्धि कै हाराहारीको दूरगामी महत्वको राष्ट्रघाती छ । सन् १९५० को सन्धिको खारेज गर्नुपर्ने वा पुनरावलोकन गर्ने भन्ने चर्चा व्यापक रुपमा चलिरहेकै बेलामा यस प्रकारको संयुक्त विज्ञप्ती निकाल्नु राष्ट्रको लागि ठूलो धोका र विश्वासघात हो भन्नु कुनै अत्युक्ति नहोला ।



सीपी गजुरेल 'गौरव'

**निर्लज्जता र छलछामको बाटो**

भाद्र ३१ म प्रचण्डले दिल्लीमा गरेको मोदीसँगको संयुक्त विज्ञप्ती राष्ट्रघाती छ भन्ने विषयमा नेपालमा पर्याप्त मात्रामा चर्चा मात्र भएको छैन, यसको विरोध पनि यत्रतत्र भइरहेको छ । यो क्रम अझै पनि जारी छ । निश्चित छ यो क्रम बढ्दै जानेछ ।

दिल्लीको "राजकीय भ्रमण"मा निस्कनुभन्दा अघि प्रचण्डले काठमाडौंमा बडो तामझामका साथ 'दिल्लीमा गएर के गर्ने र के नगर्ने' भन्ने विषयमा उनले पत्याएका परराष्ट्रविद्हरु, विभिन्न पार्टीका नेतागणहरुका धेरैवटा जमातहरुलाई भेटेका थिए । नेपालका संचार माध्यमलाई तिनै समाचार प्रचार गर्न भ्याई नभ्याई परेको थियो । संचार माध्यमको प्रचार प्रसार हेर्दा यस्तो भान हुन्थ्यो कि यो भ्रमणले नेपालको हितमा चमत्कार नै गर्ने वाला छ, आजसम्म कसैले गर्न नसकेको चमत्कार ! तर, प्रचण्ड असोज २ गते काठमाडौं आइपुग्नु भन्दा अगावै उनले आफूलाई प्रम बनाइदिने, आफूसँग रसायन मिल्ने र आफूजस्तै साहसी नेता भारतका प्रम नरेन्द्र मोदीसँग गरेको '२५ बुँदे संयुक्त विज्ञप्ती' उनले लगाएको त्याप्लेसहित काठमाडौं आइपुगिसकेको थियो । त्यसको राष्ट्रघाती पक्षबारे चर्चा परिचर्चा चल्न थालिसकेको थियो । अहिले त सर्वत्र त्यसमा भएको राष्ट्रघात बारे चर्चा, वहस, छलफल आदि चलिरहेको छ । त्यसको विरोधमा कार्यक्रमहरु पनि भै रहेका छन्, हुँदै पनि छन् । प्रमको भ्रमणपूर्व उर्दीको पोसाकमा हुलका हुल बालुवाटार गएर परिपक्व सल्लाह दिने ती परराष्ट्रविद्हरु र नेतागणहरु भने यी सबै घटनाहरु भैरहँदा चुप्पी साँधिर बसेको देखिन्छ । संसदीय व्यवस्थालाई महान आदर्श मानेर नयाँ जनवाद, समाजवाद र साम्यवादलाई पन्छाएर, परित्याग गरेर संसदीय व्यवस्थाको पुनर्स्थापनाको संविधान जारी गर्ने नेतागणहरु पनि दिल्लीमा त्यत्रो राष्ट्रघात गरेर फर्केका दाहालजीलाई दिल्लीमा भएको संयुक्त विज्ञप्तीबारे सदनमा उनले जवाफ दिनुपर्ने आवश्यकता पनि महसुस गरेका छैनन् । उता त्यत्रो धुमधाम साथ दिल्ली भ्रमणमा निस्किएका प्रचण्डले दिल्लीबाट फर्केपछि उनका परराष्ट्रविद्हरु र नेतागणहरुलाई भेटेर दिल्ली भ्रमणको उपलब्धिको चर्चासम्म पनि गरेका छैनन् । आज देशमा यत्रो विरोध भै रहेको छ, त्यसबारे उनले मुख पनि खोलेका छैनन् । सबै फूर्तिफार्ति हराएको जस्तो भएको छ । उनले केही नबोलेरै जिते नीति लिएजस्तो बुझिन्छ । यसरी उनले निर्लज्जता र छलछामको बाटो समातेको जस्तो देखिन्छ । यति ठूलो राष्ट्रिय स्वाधीनतासँग सम्बन्धित विषयलाई छलछाम गरेरै टार्ने प्रचण्डको योजनालाई नेपालका क्रान्तिकारी शक्तिहरु र देशभक्तहरुले चुपलागेर बिर्सिई हाल्न सक्लान् ?

**केही उल्लेखनीय भनाईहरु**

दिल्ली संयुक्त विज्ञप्तिले कसरी नेपालको राष्ट्रिय स्वाधीनतालाई कुठाराघात गरेको छ भन्ने ...

बाँकी ६ पेजमा

## सम्पादकीय

# मजदूरविरोधी विधेयक खारेज गर !

विहीबारको व्यवस्थापिका संसद बैठकले औद्योगिक व्यवसाय विधेयक पारित गरेको छ। पारित विधेयकले मजदुरको लोकतान्त्रिक तथा राजनीतिक अधिकार खोसेको छ। विधेयकले औद्योगिक मालिकहरुको मजदुरमाथिको स्वेच्छाचारिता र निरंकुशतालाई कानुनी मान्यता प्रदान गरेको छ। 'नो वर्क नो पे' र हायर एण्ड फायरलाई कानुनी मान्यता प्रदान गरेर पुष्पकमल दाहाल नेतृत्वको सरकारले मजदुरहरुको हितमाथि चौतर्फी हमला बोलेको छ।

नेपालको औद्योगिक क्षेत्रमा मूलतः भारतीय एकाधिकार पुँजीको रजाइँ छ। दलाल पुँजीपतिहरुको बिगविगीका बीच नेपालको राष्ट्रिय पुँजीपतिवर्ग सीमान्तकृत अवस्थामा छ। राज्यको विभेदपूर्ण दृष्टिकोणका कारण राष्ट्रिय पुँजीपतिवर्ग निरीह अवस्थामा छ। पारित विधेयक राष्ट्रिय पुँजीपतिवर्ग लक्षित छैन, दलाल पुँजीपतिवर्ग हितरक्षार्थ केन्द्रित छ। अधिकांश मजदुरहरु दलाल पुँजीपतिहरुले संचालन गरेका उद्योगहरुमा कार्यरत रहेकोले उनीहरुमाथि शोषण र दमन बढ्ने र त्यसको विरोध वा प्रतिरोध गर्न खोजे कामबाटै हात धुनुपर्ने स्थितिमा मजदुरहरुलाई पुऱ्याइएको छ।

विधेयकले मजदुरहरुको मौलिक हक र मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २३ र धारा २४ मा स्पष्टरूपमा मानव अधिकार र श्रमजीवी वर्गको प्रत्याभूत गरेको हकअधिकारमाथि पनि धावा बोलेको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २३ (१) मा व्यवस्था भएअनुसार प्रत्येक व्यक्तिलाई कार्य गर्ने, रोजगारीको स्वतन्त्र छनोट, आफू सुहाउँदो कार्य अवस्थाको तथा बेरोजगारी विरुद्ध सुरक्षाको अधिकार छ। धारा २३ (२) मा प्रत्येक व्यक्तिको विना भेदभाव समान कार्यका लागि समान ज्याला तलब पाउने अधिकार छ भन्ने उल्लेख छ। धारा २३ (३) मा व्यवस्था भएअनुसार प्रत्येक व्यक्तिको आफू तथा आफ्ना परिवारको लागि मानव सम्मानयुक्त जीवन सुनिश्चित गर्न उचित एवं सुहाउँदो पारिश्रमिक पाउने अधिकार छ तथा यसलाई आवश्यक भएमा अन्य सामाजिक सुरक्षा उपायद्वारा थप्न सकिने छ। साथै धारा २३ (४) को प्रावधानअनुसार प्रत्येक व्यक्तिलाई निजको हितको रक्षार्थ ट्रेड युनियन स्थापना गर्न र त्यसमा स्वतन्त्ररूपमा सहभागी हुने अधिकार रहने छ। यसै घोषणापत्रको धारा २४ (४) मा व्यवस्था भएअनुसार प्रत्येक व्यक्तिलाई कार्यघन्टाको कारणयोग्य सीमाङ्कन तथा आवधिक वैधानिक बिदासहितको विश्राम र फुर्सदको अधिकार छ' भन्ने प्रावधान राखिएको छ। यस मानवअधिकारको विश्वव्यापी घोषणापत्रको एक पक्षको राष्ट्रका रूपमा नेपाल पनि रहेकाले नेपालले यस्ता विश्वव्यापी घोषणापत्रका मूल्य र सारलाई कार्यान्वयन तहमा ल्याउनुको सट्टा नयाँ विधेयकमार्फत् त्यस्ता अधिकार खोसिएको छ।

विधेयकमा यस्ता प्रावधान राख्न कांग्रेस, एमाले र माकेसम्बद्ध मजदुर संगठनहरुको भूमिका मुख्य देखिएको छ। दलाल पुँजीपतिवर्गका मतियार बनेर उनीहरुले मजदुरमाथि शोषण दमन गर्ने उद्योगमालिकहरुको हतियारको रुपमा भूमिका खेल्न पुगेका छन्। दलाल पुँजीपतिवर्ग, दलाल ट्रेड यूनियनहरु र दलाल राजनीतिक पार्टीहरुलाई आम शोषित पीडित मजदुरहरुले बेलैमा चिन्न जरुरी बनेको छ। मजदुर आन्दोलन, बन्द हड्ताल वा संघर्ष मजदुर हरुको रहरको विषय होइन वाध्यताको उपज हो। त्यो वाध्यात्मक अवस्थाको सिर्जना गर्ने काम उद्योग मालिकहरुले नै गर्ने गरेका छन्। बन्द हड्तालमा प्रतिबन्ध लगाउने विधेयक र ऐन ल्याउँदैमा उद्योगहरुमा आन्दोलन र हड्ताल रोकिदैन। मजदुरविरोधी तमाम प्रकारका ऐन कानुनहरु अवश्य पनि मजदुर हरुले च्यातिदिन्छन् नै। यसर्थ, यो विधेयकले मजदुरहरुलाई अझ बढी आक्रोशित र उद्वेलित बनाएको छ। उनीहरु आफ्नो अधिकारका लागि अझ बढी संगठित हुनुपर्ने निष्कर्षमा पुग्न थालेका छन्।

नेपालमा आर्थिक विकासका लागि वा मुलुकको समृद्धिका लागि मजदुर हरुको श्रमलाई राज्यले सम्मान गर्न सक्नु पर्दछ। जुन देशमा श्रमलाई सम्मान गरिदैन र उत्पादनलाई जोड दिइन्न, ती देशहरुको कहिल्यै पनि विकास र समृद्धि सम्भव हुँदैन। मजदुरहरु भनेका उद्योग, कल कारखाना, तथा व्यापार व्यवसायका जीवन हुन्, उनीहरु साधन होइनन्, साध्य हुन्। उनीहरुकै श्रम, सिप र पसिनामा उद्योगधन्दाहरु टिकेका छन्। मुलुकमा औद्योगिकरणको विकास गर्ने हो भने मजदुरमैत्री ऐन, कानुन बनाउन जरुरी छ, मजदुर विरोधी होइन। मजदुरविरोधी ऐन मजदुरमाथि लादेर औद्योगीकरणको सपना राज्यले देखेको छ भने त्यो केवल दिवा सपना मात्र हो। तसर्थ, तत्काल मजदुरविरोधी विधेयक खारेज गर र मजदुरमैत्री ऐन कानुनको व्यवस्था गर।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निश्पक्ष खबर तथा

विचारका लागि सँधै हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com

# नयाँ पार्टी सदस्य भर्तिका शर्त र विधिहरुबारे



रामसिंह श्रीस

पार्टी, सेना र संयुक्त मोर्चालाई सर्वहारा क्रान्तिको लागि तीन जादुगरी हतियार भनिन्छ। यी तीनवटै कुराहरु सही र सशक्त नभइकन वास्तविक क्रान्ति सम्भव हुन्न। तर यी तीनै कुराहरु समानान्तर भने होइनन्। यी तीन कुराहरुमध्ये सबैभन्दा महत्वपूर्ण कुरा पार्टी हो। पार्टी सही हुँदा अन्य दुई पक्ष पनि सही हुन्छ। पार्टी सही हुने भनेको पार्टी क्रान्तिकारी हुनु भनेको हो। पार्टीले क्रान्तिकारी कार्यदिशा लिन सकेन पार्टी संगठनात्मक रुपमा पनि क्रान्तिकारी हुन सकेन भने संयुक्त मोर्चा र सेनाको कुनै अर्थ छैन। विश्व कम्युनिष्ट आन्दोलन र स्वयम् नेपालको कम्युनिष्ट आन्दोलनको अनुभवले पनि यही कुरा बताउँछ।

लेनिनले स्थापना गरेको कम्युनिष्ट पार्टी जबसम्म सही मार्क्सवादी-लेनिनवादी रह्यो, त्यतिबेलासम्म त्यो पार्टीको नेतृत्वमा हुने संयुक्त मोर्चा र सेनाको भूमिका आम शोषित-पीडित वर्ग मुख्यतः सर्वहारावर्गको पक्षमा रह्यो। जब त्यो पार्टी संशोधनवादी पार्टीमा परिणत भयो, तब त्यो पार्टीको नेतृत्वको संयुक्त मोर्चा र सेना पुँजीपतिवर्गको स्वार्थको रक्षा गर्ने साधन बन्यो, प्रतिक्रान्तिको साधन बन्यो। ठीक त्यस्तै चीनको कम्युनिष्ट पार्टी जबसम्म सहि मार्क्सवादी-लेनिनवादी सिद्धान्तको आधारमा अथगाडि बढिरहेको थियो, त्यतिबेलासम्म संयुक्त मोर्चा र सेनाले आम शोषित पीडित जनताको पक्षमा काम गऱ्यो। कमरेड माओको निधनपछि जब चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्व संशोधनवादीहरुको हातमा गयो, तब त्यो पार्टीको नेतृत्वमा रहेको सेना र संयुक्त मोर्चाले सर्वहारावर्गको पक्षमा र क्रान्तिको पक्षमा काम गर्न छोड्यो।

नेपालको अनुभवले पनि त्यही कुरा बताउँछ। माओवादी पार्टीको नेतृत्वमा बनेको जनसेनाका विभिन्न तहका कमाण्डरहरु पछिल्लो चरणमा आएर जुन प्रकारका क्रियाकलापहरुमा संलग्न भए, त्यो पार्टीकै गलत कार्यदिशाको परिणाम थियो। त्यसकारण सबभन्दा पहिले पार्टीलाई क्रान्तिकारी बनाउने कुरामा ध्यान दिनु पर्दछ।

क्रान्तिकारी पार्टी बनाउनका लागि क्रान्तिकारी कार्यदिशा र क्रान्तिकारी संगठन चाहिन्छ। यसमा पनि मुख्य कुरा क्रान्तिकारी राजनीतिक कार्यदिशा नै हो। तर क्रान्तिकारी राजनीतिक कार्यदिशा हुँदैमा सबैकुरा पूरा हुँदैन। क्रान्तिकारी कार्यदिशालाई कार्यान्वयन गर्न क्रान्तिकारी संगठनको आवश्यकता पर्दछ। क्रान्तिकारी संगठन निर्माण गर्न सकिएन भने क्रान्तिकारी कार्यदिशा र गैरक्रान्तिकारी संगठनको बीचमा ठूलो अन्तरविरोध पैदा हुन्छ। त्यो अन्तरविरोध दुई तरिकाबाट हल हुन सक्छ। एउटा तरिका हो- कार्यदिशामा परिवर्तन। क्रान्तिकारी राजनीतिक कार्यदिशालाई गैरक्रान्तिकारी कार्यदिशामा परिवर्तन गरियो भने त्यहाँ गैरक्रान्तिकारी कार्यदिशा र गैरक्रान्तिकारी संगठनको बीचमा मेल हुन्छ। यसरी अन्तरविरोध हल गर्नु भनेको क्रान्तिबाट भाग्नु हो, क्रान्तिप्रति गद्दारी गर्नु हो। सच्चा मार्क्सवादीहरुले रोज्ने बाटो यो होइन। अर्को तरिका भनेको क्रान्तिकारी कार्यदिशाले माग गरे अनुसार क्रान्तिकारी संगठनको निर्माण गर्नु हो। यो सहि मार्क्सवादी-लेनिनवादी तरिका हो। त्यसकारण सच्चा मालेमावादीहरुले पहिला क्रान्तिकारी राजनीतिक कार्यदिशा तय गर्न जोड दिन्छन् र त्यसपछि क्रान्तिकारी कार्यदिशाले माग गरे अनुसारको क्रान्तिकारी संगठनको निर्माणमा पहल गर्छन्।

क्रान्तिकारी संगठन निर्माण गर्न धेरै महत्वपूर्ण कुराहरुमध्ये पार्टी सदस्य बनाउने कुरा एउटा हो। पार्टी सदस्य बनाउनका लागि कस्ता शर्तहरु राख्ने भन्ने कुराले कस्तो पार्टी बनाउने भन्ने कुराको निर्धारण गर्दछ। मालेमावादीहरुको आफ्नै संगठनात्मक सिद्धान्छ छ। त्यही सिद्धान्तका आधारमा हामीले क्रान्तिकारी पार्टी निर्माण गर्न प्रयत्न गर्छौं। यहाँ कस्ता व्यक्तिहरुलाई पार्टी सदस्य बनाउनु पर्छ भन्ने विषयमा नै चर्चा गरिनेछ।

पार्टी सदस्यताको लागि शर्तहरु र विधिहरु कस्तो बनाउने भन्ने विषयमा कम्युनिष्ट आन्दोलनमा सुरु देखि नै विवाद चल्दै आएको छ। सन् १९०३ मा सोभियत संघको कम्युनिष्ट पार्टीको दोस्रो महाधिवेशनमा पार्टी सदस्यताको लागि कस्ता शर्तहरु राख्ने भन्ने विषयमा लेनिन र मार्तोभको बीचमा ठूलो मतभेद भयो। महाधिवेशनको लागि तयार पारिएको मार्तोभको मस्यौदामा लेखिएको थियो, "त्यसलाई रसियाली सामाजिक जनवादी मजदूर पार्टीको सदस्य मानिनेछ, जसले यसको कार्यक्रम स्वीकार गर्दछ र पार्टी अंगहरुको नियन्त्रण र नेतृत्वमा पार्टीको उद्देश्य पूर्तिको लागि सक्रिय रुपमा काम गर्दछ।"

लेनिनको मस्यौदामा लेखिएको थियो, "त्यो व्यक्ति पार्टी सदस्य मानिन्छ, जसले पार्टी कार्यक्रम स्वीकार गर्दछ, र जसले भौतिक साधनहरु र कुनै एउटा पार्टी संगठनमा व्यक्तिगत सहभागसहित पार्टीलाई सहयोग पुऱ्याउँछ।"[१]

महाधिवेशनमा व्यापक छलफलपछि मतदान भयो र मतदानमा मार्तोभको प्रस्तावको पक्षमा २८ मत, लेनिनको प्रस्तावको पक्षमा २२ मत परेको थियो।[२]

मार्तोभले आफ्नो पहिलो मस्यौदामा केही संशोधन गरेका थिए तर उनको प्रस्तावको सार पहिलो मस्यौदाको जस्तै थियो। मार्तोभले महाधिवेशनमा पेश गरेको र पारित भएको पार्टी सदस्यतासम्बन्धी प्रस्ताव यस्तो थियो, "त्यो व्यक्ति रसियाली सामाजिक जनवादी मजदुर पार्टीको सदस्य मानिने छ, जसले यस पार्टीको कार्यक्रम स्वीकार गर्दछ, पार्टीलाई भौतिक सहायता गर्दछ र पार्टीको नै एउटा संगठनको नेतृत्व अन्तर्गत पार्टीलाई नियमित रुपमा व्यक्तिगत सहयोग पऱ्याएको हुन्छ।"[३]

पार्टी सदस्यतासम्बन्धी लेनिनको प्रस्ताव र मार्तोभको प्रस्तावको भिन्नताबारे प्रष्ट पार्दै सोभियत संघको कम्युनिष्ट पार्टीको इतिहाारसमा भनिएको छ, "लेनिनको विचाार अनुसार जसल, पार्टीको कार्यक्रमलाई मान्छ, पार्टीलाई आर्थिक मद्दत गर्छ र त्यसको कुनै एउटा संगठनमा बसेर काम गर्छ, त्यस्तो व्यक्ति पार्टीको सदस्य बन्न सक्छ। मार्तोभको भनाइ अनुसार कार्यक्रमलाई मान्नु र पार्टीलाई आर्थिक मद्दत दिनु पाटीए सदस्यताका अपरिहार्य सर्त हुन्, तर पार्टी सदस्यको लागि अनिवार्य रुपले पार्टीको एउटा संगठनकमा बस्नुपर्ने सर्त आवश्य छैन।"[४]

लेनिन र मार्तोभको बीचमा पार्टी सदस्यता दिनेबारे के कुरामा फरक दृष्टिकोण थियो भन्ने कुरा सोभियत संघको कम्युनिस्ट पार्टीको इतिहासमा भएको यो भनाईले प्रष्ट पार्दछ। लेनिनको प्रस्तावले पार्टी सदस्यताका लागि पार्टीको कुनै एउटा संगठनमा अनिवार्य बस्नु पर्थ्यो। मार्तोभको प्रस्तावले पार्टी संगठनमा बस्ने कुरा अनिवार्य बनाउँदैनथ्यो। मार्तोभको प्रस्ताव अनुसार पार्टी बनाउँदा ढिलाढाला खुकुलो प्रकारको पार्टी बन्छ। लेनिनको प्रस्ताव अनुसार पार्टी बनाउँदा अनुशासित, मिलिटेन्ट र क्रान्तिकारी पार्टी निर्माण हुन्छ। दोस्रो महाधिवेशन पछि सोभियत संघको कम्युनिस्ट पार्टीमा फुट भयो। त्यसपछि लेनिनले आफ्नो प्रस्तावअनुसार पार्टी सदस्यता दिने नीति लागु गर्दै जानुभयो। त्यही नीति अनुरुप बनेको पार्टीले सन् १९१७ मा रुसमा क्रान्ति सम्पन्न भयो।

पार्टी सदस्यताका लागि कस्ता शर्तहरु राख्ने भन्ने विषयमा चिनियाँ कम्युनिस्ट पार्टीभित्र पनि फरकफरक धारणाहरु भएको पाइन्छ। सन् १९५६ मा भएको चिनियाँ कम्युनिस्ट पार्टीको आठौं महाधिवेशनद्वारा पारित पार्टी विधानमा पार्टी सदस्यता सम्बन्धी शर्तमा भनिएको छ - "अरुको श्रमको शोषण नगर्ने, पार्टी कार्यक्रम र विधानलाई स्वीकार गर्ने, पार्टी संगठनमा आवद्ध भइ काम गर्ने, पार्टी निर्णयलाई पालना गर्ने र पार्टी लेबी तिर्ने कुनैपनि चिनियाँ नागरिकलाई पार्टी सदस्यताको लागि खुला गरिन्छ।"[५] यो महाधिवेशनमा लिउ साउचीहरुको बहुमत थियो। माओ अल्पमतमा पर्नुभएको थियो। त्यसैले पार्टी सदस्यताका लागि यी शर्तहरुमध्ये कतिपय शर्तहरुमा माओको विमति थियो। पछि सन् १९६९ मा नवौं महाधिवेशन भयो। यस महाधिवेशनमा माओहरु बहुमतमा हुनुहन्थ्यो। यो महाधिवेशनले पार्टी सदस्यतासम्बन्धी धारामा परिवर्तन गरियो। नवौं महाधिवेशनले पारित विधानको पार्टी सदस्यता सम्बन्धी धारामा भनिएको छ- "कुनैपनि चिनियाँ मजदुर, गरिब किसान, निम्न मध्यम किसान, क्रान्तिकारी सैनिक र कुनैपनि क्रान्तिकारी तत्वहरु, जो १८ वर्ष पुगेको छ जसले पार्टी विधान स्वीकार गर्दछ, पार्टी संगठनमा रहेर सक्रिय रुपमा काम गर्दछ, पार्टी निर्णयहरु लागु गर्दछ, पार्टी अनुशासनको पालना गर्दछ र लेवी तिर्दछ ऊ चिनियाँ कम्युनिस्ट पार्टीको सदस्य बन्न सक्छ।"[६] पार्टी सदस्यता सम्बन्धी चिनियाँ कम्युनिस्ट पार्टीको आठौ र नवौं महाधिवेशनले गरेको व्यवस्था एकदम फरक छ। लिउ साओचिहरुको बहुमत भएको आठौं महाधिवेशनले "कुनैपनि चिनियाँ नागरिकलाई" भनेर एकदम खुकुलो नीति लिएको छ। यसले वर्गीय आन्दोलनलाई छोडेको छ। तर माओहरुको बहुमत भएको नवौं महाधिवेशनले पार्टी सदस्यताको लागि अन्य पक्षको साथै वर्गीय आधारलाई पक्रेको छ। त्यसले चिनियाँ नागरिक नभनीकन "चिनियाँ मजदुर, गरिब किसान, निम्न मध्यम किसान, क्रान्तिकारी सैनिक र अन्य क्रान्तिकारी तत्वहरु" भनेको छ। चिनियाँ कम्युनिस्ट पार्टीको दशौं महाधिवेशनमा पनि माओ पक्षधर हरुको बहुमत थियो। त्यसैले त्यस महाधिवेशनले पार्टी सदस्यता सम्बन्धी प्राब्धानलाई परिवर्तन गरेन। माओको मृत्युपछि एघारौं महाधिवेशन भयो। त्यस महाधिवेशनले कमरेड माओको पालामा पार्टी सदस्यता सम्बन्धी गरेका शर्तहरुलाई पुनः परिवर्तन गऱ्यो। हामीले बुझ्ने कुरा के हो भने पार्टी सदस्यता सम्बन्धमा संशोधनवादी र मार्क्सवादीहरुको बीचमा निरन्तर संघर्ष चल्दै आएको छ।

प्रारम्भमा नेपालमा आफूलाई कम्युनिस्ट पार्टी भन्ने प्राय सबै घटकहरुले पार्टी सदस्यता सम्बन्धी प्रश्नमा लेनिन र माओले लिएका नीतिहरुलाई नै लिन खोजेको देखिन्छ। पछिल्लो चरण आएपछि खास गरेर ०४६ सालको राजनीतिक परिवर्तनपछि लेनिन र माओको पार्टी सदस्यतासम्बन्धी प्रस्तावनालाई छोड्दै गएको पाइन्छ। पूर्व माले जब एमाले भयो त्यसले पार्टी सदस्यतासम्बन्धी पहिलेको भन्दा धेरै फरक अवधारणा ल्यायो। साधारण सदस्य र संगठित सदस्य भन्ने अवधारणा ल्यायो। यसको मूल उद्देश्य पार्टी सदस्यता सम्बन्धी शर्त खुकुलो बनाउनु थियो र जसलाई पनि पार्टी प्रवेश गर्ने ढोका खोल्नु थियो। एमालेले यसरी नाङ्गो रुपमा पार्टीलाई लेनिनवादी संगठनात्मक पद्धतिबाट बाहिर लग्यो। पार्टी सदस्यता सम्बन्धी नेपालमा अर्कोथरि समस्या पनि आयो। त्यो समस्या भनेको विधानमा पार्टी सदस्यता सम्बन्धी शर्तहरु लेनिन र माओले लिएका नीतिअनुसार नै राख्ने तर व्यवहारमा त्यसलाई लागु नगर्ने। मजदुर, गरिब किसानलाई प्राथमिकतामा राख्ने भनेर विधानमा व्यवस्था गर्ने तर व्यवहारमा मजदुर र गरिब किसानहरुको बीचमा पार्टी संगठन बनाउन पहल नगर्ने। मध्यम वर्गीय र बुद्धिजीवीहरुको बीचमा नै पार्टी संगठनहरु नेपार्माण गर्ने गरिन्छ। यस प्रकारको प्रवृत्ति पनि मूलतः संगठनात्मक अवसरवाद नै हो। यो प्रवृत्तिलाई पनि हामीले परास्त गर्ने पर्दछ।

अहिले नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले राष्ट्रिय भेलाद्वारा पारित विधानको सदस्यता सम्बन्धी व्यवस्था यस्तो छ- "मालेमावादको सिद्धान्तलाईए आत्मसात गर्दै पार्टीको नीति कार्यक्रम र विधानलाई स्वीकार गर्ने, पार्टी निर्णयलाई पालना गर्ने, नियमित रुपमा लेवी बुझाउने, १८ वर्ष उमेर पुगेको, कम्तिमा एक वर्ष पार्टी पार्टी नेतृत्वमा रहेको जनवर्गीय संगठन वा पार्टी समर्थक समूहमा रहेर काम गरेको, मजदुर, किसान तथा अन्य श्रमजीवि क्रान्तिकारी व्यक्तिहरु पार्टी सदस्य बन्न सक्नेछन्।"[७] पार्टी सदस्यतासम्बन्धी उक्त शर्तहरु ठिकै छन्। तर हाम्रो अगाडिको चुनौति भनेको त्यसलाई व्यवहारमा लागु गर्ने कुरा नै हो। हाम्रो विधानले मजदुर र किसानलाई प्राथमिकतामा राखेको छ। तर हामीले मजदुर किसानहरुलाई पार्टीमा भर्ती गर्ने प्रक्रिया थालनी गरेका छौं कि छैनौं ? यो हाम्रो अगाडि उभिएको गम्भीर प्रश्न हो। नयाँ मानिसहरु (मजदुर किसान र अन्य क्रान्तिकारीहरु) ले पार्टी सदस्यताको आवेदन दिन कम्तिमा एक पार्टी नेतृत्वमा रहेको जनवर्गीय संगठन वा पार्टी समर्थक ग्रुपमा बस्नुपर्ने भएकोले हामीले नयाँ पार्टी सदस्य भर्ती गर्नका लागि अहिलेदेखि नै जनवर्गीय संगठन निर्माण गर्न र पार्टी समर्थक ग्रुप बनाउन तत्काल पहल गर्नुपर्दछ।

हाम्रो अगाडि नियमित लेवि नतिर्ने प्रवृत्ति प्रवल छ। पार्टी लेवि भन्ने कुरा कसैले उधारो सामानको पैसा माग्न गएझैं जाने भन्दा पनि सम्बन्धित व्यक्तिले सम्बन्धित ठाउँमा आफ्नो पहलमा बुझाउने कुरा हो। लेवी नियमित बुझाउने कुरा त मेन्सेविकहरुले पनि मानेको कुरा हो। मेन्सेविकहरुले मानेको कुरालाई पनि लागु गर्न नसक्ने मान्छे राखेर हामीले कसरी बोल्सेविक स्पीरिटको पार्टी बनाउन सक्छौं ? त्यसकारण हामीले पार्टी सदस्य भर्ती गर्ने कुरामा कडा शर्त र उपयुक्त विधि अवलम्बन गर्न जरुरी छ। यसमा गल्ती गर्ने वित्तिकै हामीले जतिसुकै चिच्याएर क्रान्तिकारी पार्टी बनाउँछौं भनेपनि व्यवहारतः त्यो पार्टी मिलिटेन्ट र अनुशासित क्रान्तिकारी पार्टी बन्न सक्दैन। लेनिनको नेतृत्वमा सोभियत संघको कम्युनिस्ट पार्टीले कडा शर्त र उपयुक्त विधिद्वारा नयाँ पार्टी सदस्यहरु भर्ती गर्दा पनि पटकपटक समस्या आउने गऱ्यो। पार्टीबाट ढुलमुले तत्वहरुलाई निकाल्नुपर्ने अवस्था आयो। त्यसैले सन् १९२१ मा केन्द्रीय समितिले पार्टी सुद्धिकरण संगठन गऱ्यो। सुद्धिकरणको परिणामस्वरुप जम्माजम्मी १,७०,००० जति व्यक्तिहरु अर्थात् कूल सदस्यको २५% जतिलाई पार्टीबाट निष्काशित गरियो।[८] सुद्धिकरणले पार्टी धेरै बलियो भएको मूल्याङ्कन गरियो। पार्टी सदस्यताको लागि कडा शर्त र उपयुक्त विधि अपनाउँदासमेत पार्टीलाई क्रान्तिकारी बनाइराख्न सुद्धिकरण अभियान चलाउन आवश्यक हुन्छ भने पार्टी सदस्यको शर्त कडा बनाउने र उपयुक्त विधि उपनाउने कुरालाई एकछिन पनि नजरअन्दाज गर्न मिल्दैन।

चीनमा क.माओले नेतृत्व गर्नुभएको महान् सर्वहारा सांस्कृतिक क्रान्तिको समयमा सांस्कृतिक क्रान्ति पक्षधर सम्पादक समूहले तयार पारिएको "पार्टीबारे आधारभूत बुझाई" भन्ने पुस्तकको अध्याय १३ मा पार्टी सदस्यमा भर्ती हुने शर्त तथा विधिहरु" शीर्षकमा भनिएको छ- "एकजना कमरेडलाई पार्टी सदस्यका रुपमा स्वीकार्नका निम्ति कडा शर्तहरु तथा उपयुक्त विधिहरु अवलम्बन गर्नुपर्दछ।" यो प्रस्तावनालाई हामीले व्यवहारमा कुशलतापूर्वक लागु गर्न सक्नुपर्दछ। कुशलतापूर्वक यी शर्तहरु लागु गरेर मात्र हामीले क्रान्तिकारी पार्टी निर्माण गर्न सक्नेछौं। लेनिनदेखि माओसम्मले लागु गरेको कुरा के हो भने निवेदन दिँदैमा ऊ पार्टी सदस्य बन्न सक्दैन। उसको निवेदनलाई स्थानीय पार्टी कमिटीको साधारण सदस्यहरुको बैठकले स्वीकार गर्ने र त्यसभन्दा माथिल्लो कमिटीले अनुमोदन गरेपछि मात्र ऊ उेद्वार बन्न सक्छ। एउटा निश्चित अवधि परीक्षणकाल पूरा गरेपछि मात्र ऊ पूर्ण पार्टी सदस्य बन्नसक्छ।

चीनको नवौं महाधिवेशनद्वारा पारित विधानमा पार्टी सदस्य हुनको लागि दिएको निवेदन स्वीकृत वा अस्वीकृत गर्नुभन्दा पहिले पार्टी भित्र र बाहिरको व्यापक जनसमुदायको धारणा लिनुपर्ने कुराको व्यवस्था गरेको छ।[९] हामीले तत्काल यसप्रकारको कडा विधि अपनाउन नसकेपनि पार्टी विधानले तय गरेको विधिलाई कडाईपूर्वक लागु गर्नुपर्दछ। त्यसरी मात्र हामीले क्रान्तिकारी पार्टी निर्माणको लागि उपयुक्त नयाँ सदस्यहरु भर्ना गर्नुपर्दछ। विधानले निश्चित गरेको शर्त र विधि पालना गर्न नसक्ने पार्टी सदस्यहरुलाई हटाएर समर्थक

... बाँकी ७ पेजमा

# दाबीका साथ भन्न सक्छौं– क्रान्तिकारी माओवादीसँग मात्र उत्पीडित जातिहरुको मुक्तिको वैज्ञानिक रोडम्याप छ



**पवनमान श्रेष्ठ,** अध्यक्ष, नेवाः राष्ट्रिय मुक्ति मोर्चा

➲ ***नेवार समुदायमा क्रान्तिकारी माओवादीको प्रभाव कस्तो छ ? बताइदिनुस् न।***

नेवार समुदाय वर्ग र बनावटको हिसाबले अरु आदिवासी/जनजाति जस्तै एउटै नश्नका छैनन् । तर समाज विकासको क्रममा यो नेपालकै विकसित जाति हुँदाहुँदै पनि विभाजित छन् र विभाजित गराइएको छ। त्यसैले समग्र नेवार जाति कै कुनै वस्तुलाई हेर्ने दृष्टिकोण एउटै हुने कुरा भएन। तापनि बहुसंख्यक नेवार जातिको कुरा गर्दा हामी के पाउँछौं भने नेवार जाति व्यापार-व्यावसाय तथा कृषि क्षेत्रमा दख्खल प्राप्त जाति हुँदाहुँदै पनि आज दलाल-नोकरशाही-सामन्ती सत्ताका कारण दुवै क्षेत्रबाट पाखा लगाइदैछ, आफ्नो भाषा र संस्कृतिबाट विस्थापित गराइदैछ। यसको मतलब यो जाति आफै पनि क्रमशः संकटमा पर्दै गइरहेको छ । आफ्नो आदिथलो, भाषा, संस्कृतिका प्रेमी बहुसंख्यक नेवार जाति पहिचान र अधिकारका लागि सचेत छन् र यी मुद्दा उढाइदिने राजनैतिक पार्टीप्रति यस जातिको स्वभाविक रुपमा सुझाव र समर्थन हुने नै भयो । यस अर्थमा क्रान्तिकारी माओवादीप्रति नेवार जातिको पनि झुकाव र समर्थन देखिन्छ । तर यस बीचमा जनयुद्धको नेतृत्वबाटै गद्दारी र धोका पाउनु, वाइसिएलको नाममा आतंक मच्चिनु र माओवादी पार्टीभित्र भइरहेको पटक पटकको फुट र विभाजनले नेवार जातिमा काफी भ्रम र आन्यौल सिर्जना गरेको छ।

➲ ***वर्गीय र जातीय हिसाबले हेर्दा नेवार समुदायको स्थिति कस्तो छ ? संक्षिप्तमा उल्लेख गरिदिनुस्।***

नेवार जाति वर्गीय हिसाबले सर्वहारा सुकुम्बासीदेखि पुँजीपति वर्गसम्मका छन् । तर अधिकांश नेवारहरु पुँजीको स्वामित्वका हिसाबले निम्नि मध्यम र मध्यम वर्गका देखिन्छन् । सानो जमिनको टुक्रा र सानो घर काठमाडौं उपत्यकामा हुँदा त्यो लाखौंको पुँजी बन्छ । तर लाखौंको मालिक रोजगारी व्यवसाय नहुँदा दैनिक खर्च जुटाउन नसक्ने र उनीहरुको जीवनयापन गरिबीको रेखामुनिका जनताको जस्तै हालत हामी देख्न सक्छौं । घर खर्च चलाउन भएको पुँजी बिक्री गर्ने र क्रमशः सुकुम्बासी र सर्वहारा बन्ने प्रक्रिया तीव्र छ, र आफ्नो आदिभूमिबाट विस्थापन हुने गति तीव्र छ । अर्कोतिर मध्यम वर्गमा रहेका करोडौंका मालिकहरु घर बनाउने र घरभाडा उठाएर आफ्नो जीविका चलाइरहेको देखिन्छ । पुँजीपतिको हिस्सामा देशभक्त तथा जनवादी हिस्सा आफ्नो जीविका चलाइरहेको देखिन्छ । पुँजीपतिको हिस्सामा देशभक्त तथा जनवादी हिस्सा आफ्नो व्यवसायको संरक्षण नभएर व्यवसाय चलाउन सकिरहेका छैनन् भने सानो हिस्सा दलाल तथा नोकरशाही हिस्सामा रुपान्तरण भएका छन् ।

अर्कोतिर उल्लेख गरिए झै नेवार जाति एउटै नश्नलका नभएका तथा उपत्यकामा शासक वर्ग जो प्रायः जसो बाहिरबाट आएका हुन्थे, उनीहरुको उत्पीडन र शोषणमा परेको देखिन्छ । 'फुटाउ र शासन गर'को नीति अनुरुप नेवार जातिलाई विभिन्न जातमा विभाजन गरेका छन् । आदिवासी र जनजातिमा नभएको वर्णाश्रम व्यवस्था जबर जस्ती यो जातिमाथि लादिएको छ, राणाकालसम्म आउँदा यसको पराकाष्ठा हामी देख्छौं । छुवाछुतसम्मको स्थिति नेवार जातिभित्र छ।

➲ ***नेवार जातिमाथि राज्यको उत्पीडनको स्वरुप चाहिं कस्तो छ ?***

नेवार जातिमाथि राज्यको उत्पीडन मूलरुपमा वर्गीय उत्पीडन हुँदाहुँदै पनि यसको स्वरुप जातीय उत्पीडनको रुपमा देखापरेको छ । नेवार जातिको भाषा, कला, संस्कृति, आर्थिक अवस्था र आफ्नो आदिभूमिबाट हुँदै गएको विस्थापनले रुपमा जातीय उत्पीडन हुँदाहुँदै पनि आर्थिक रुपमा पेशा व्यवसायबाट विस्थापन, आदिभूमिबाट विस्थापन र राजनैतिक रुपमा भइरहेको विस्थापनले सारमा यस जातिमाथि भइरहेको उत्पीडन वर्गीय उत्पीडन रहेको प्रष्ट हुन्छ।

➲ ***वर्तमान राज्यव्यवस्था र संविधानले नेवार समुदायको अधिकारलाई कति हदसम्म प्रत्यायोजन गरेको छ ?***

वर्तमान राज्य व्यवस्था भनेको संसदीय लोकतान्त्रिक संघीय गणतन्त्र हो । राजतन्त्र समाप्त भएको छ, सहभागिताको हिसाबले केही समानुपातिक र समावेशी पनि देखिएको छ। संघीयता, गणतन्त्र र समानुपातिकता यसको सकारात्मक पक्ष हुँदाहुँदै पनि यो नयाँ बोतलमा पुरानो रक्सी भनेजस्तै शासकवर्ग उही पुरानै रहेका छन् । आज दलाल, नोकरशाही र सामन्त वर्ग नै शासकवर्गको रुपमा रहेका छन् ।

जहाँसम्म संविधानको कुरा छ, यो सारमा प्रतिक्रियावादी छ । यसले पुरानै शासकवर्गलाई स्थापित गरेको छ। नामको मात्र संघीयताले नेपालमा रहेको वर्गीय, जातीय, लिङ्गिय, क्षेत्रीय र समुदायहरुमाथि भइरहेको उत्पीडनलाई निरन्तरता दिनेछ। यसरी हेर्दा वर्तमान राज्यव्यवस्था र संविधानले नेवार जातिको संरक्षण र अधिकार दिलाउने होइन, यसको विघटन र विस्थापनलाई नै तीव्रता दिनेछ र दिइरहेको छ।

➲ ***के संविधान संशोधनबाट त्यस्तो अधिकारको ग्यारेण्टी गर्न सकिन्छ ?***

संविधानले व्यवस्था गरे अनुसार अहिले प्रतिनिधित्वको सवाल जटिल छ । प्रतिनिधि सभामा बहुमत पुऱ्याउनु लगभग असम्भव छ भने अहिलेको संरचनाले उत्पीडित जाति, क्षेत्र, लिंग, समुदाय र वर्ग कहिल्यै बहुमतमा पुग्न सक्नेछैन । उत्पीडित जातिको अधिकारका लागि संविधानमा आधारभूत परिवर्तन गर्नु पर्दछ, जुन संशोधनबाट सम्भव छैन । त्यसैले जनताको अधिकारको ग्यारेण्टी संविधान संशोधनबाट विल्कूलै असम्भव छ।

उत्पीडित नेवार समुदायलाई अधिकार सम्पन्न बनाउन के गर्न सकिन्छ ?

-उत्पीडित नेवार समुदायलाई अधिकार सम्पन्न बनाउन उसको भाषा, कला, संस्कृति, आर्थिक रुपमा व्यापार व्यवसाय र आदिभूमिबाट भइरहेको विस्थापन रोक्न सक्नु पर्दछ। यसका लागि नेवार जाति उत्पीडित जाति हो भन्ने पहिचान हुनु पऱ्यो। यसको आधारमा स्वायत्त राज्य, स्वशासन, अग्राधिकार, आत्मनिर्णयको सैद्धान्तिक स्वीकृति आधारभूत शर्त हुन्।

➲ ***नेवार जातिको राजनैतिक विशेषताका बारेमा केही बताइदिनुस् न।***

नेवार जाति विकसित र सचेत जाति हो । पृथ्वीनारायण शाहको कथित राष्ट्रिय एकीकरणदेखि राजनैतिक रुपमा एकप्रकारले बहिस्कृत हुँदै आएको जाति भएकोले नेवार जातिमा राजनैतिक चासो र सहभागिता अत्यन्त न्युन देखिन्छ । आफ्नो पेशा, व्यवसाय, भाषा, संस्कृति र परिवारमा रम्नु यो जातिको विशेषता देखिन्छ । तर शासकहरुबाट शासित यो जाति आफूमाथि हुँदै आएको जातीय, आर्थिक, राजनैतिक, सामाजिक उत्पीडनको तत्कालिक विरोधको रुपमा सत्ताको विरोधी जातिजस्तो देखिन्छ । राजनैतिक रुमा दीर्घकालीन सोच, चिन्तन र सहभागिता भने कमै देखिन्छ। जसको फाइदा शासकवर्ग र जातिले उठाइरहेका छन्।

➲ ***राष्ट्रियता, जनतन्त्र र जनजीविकाको आन्दोलनमा नेवार समुदायले खेलेको भूमिकालाई कसरी हेर्न सकिन्छ ?***

-नेपालका सबैजसो आन्दोलन राजधानी केन्द्रित आन्दोलन नै देखिन्छ। त्यो राष्ट्रियताको सवाल होस्, त्यो जनतन्त्रको सवाल होस् वा जनजीविकाको सवाल होस् । सबै आन्दोलनको उत्कर्ष वा निर्णायक आन्दोलनमा उपत्यकाका आदिवासी जनताको ठूलो सहभागिता अनिवार्य नै देखिन्छ र नेवार जातिले त्यो भूमिका खेल्दै पनि आएका छन् । नेवार जातिको चरित्र सत्ताविरोधी रहेको र आन्दोलन आफै पनि सत्ता विरोधी हुने तथा आन्दोलनले एकहदसम्म गति प्राप्त गरेपछि नेवार जातिको व्यापक जनसहभागिताले आन्दोलनलाई विद्रोहात्मक रुप दिने र उत्कर्षमा पुऱ्याउने काम हुँदै आएको छ । यस अर्थमा नेवार जातिको दीर्घकालिक भन्दा पनि विद्रोहात्मक चेतको विशेषतालाई ख्याल गर्नुपर्ने हुन्छ।

**जातीय उत्पीडन वर्गीय उत्पीडनको एउटा रुप हो, त्यसैले नेपालमा जातीय उत्पीडनको अन्त्य गर्न नयाँ जनवादी क्रान्ति अपरिहार्य छ र नयाँ जनवादी व्यवस्थाले मात्र आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृतिसहित उत्पीडनको पहिचानको आधारमा संघीयता, उत्पीडित जातिहरुका लागि उनीहरुको आदिथलोमा स्वायत्त राज्यहरु तथा क्षेत्रहरु, स्वशासन, अग्राधिकारको व्यवस्था हेने स्पष्ट पाऱ्यो।**

➲ ***आम उत्पीडित नेवार समुदायलाई क्रान्तिकारी माओवादी तथा नेवाः राष्ट्रिय मुक्ति मोर्चामा आवद्ध कसरी गराउन सकिन्छ ?***

क्रान्तिकारी माओवादी र नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाल आधारभूत तहका नेवार जनतामा पुग्नुपर्छ । उनीहरुलाई वर्तमान सत्ताको चरित्र र उसले नेवार जातिमाथि गरिरहेको उत्पीडनबारे स्पष्ट जानकारी दिनुपर्छ । नेवार जातिमाथि भइरहेको उत्पीडन जातीय रुपमा अभिव्यक्त भएतापनि यसको सार पक्ष वर्गीय रहेको स्पष्ट पार्नुपर्छ। यस उत्पीडनको अन्त्य र नेवार जातिको विकासका लागि आवश्यक अधिकार बारे प्रष्ट पार्नुपर्छ। यसका लागि संगठन, संघर्ष र क्रान्तिकारी पार्टीको नेतृत्वदायी भूमिका स्पष्ट पार्दै पार्टी र मोर्चामा सहभागी गराउनु पर्छ । यसको पुरकको रुपमा राष्ट्रियता र जनजीविकाको सवालमा पार्टी र मोर्चाले पनि जनताले अनभूति गर्न सक्ने ढंगले आन्दोलन संचालन गर्नुपर्छ।

➲ ***नेवार समुदायलगायत सम्पूर्ण उत्पीडित जातिहरुलाई अधिकार सम्पन्न बनाउने क्रान्तिकारी माओवादीसँग के कस्तो रोडम्याप छ ?***

क्रान्तिकारी माओवादी नै त्यो पार्टी हो, जसले नेकपा (माओवादी)को रुपमा ०५१ सालतिर सम्पूर्ण उत्पीडित जातिहरुमाथि भइरहेको उत्पीडनको अन्त्य गर्त ती जातिहरुलाई राजनैतिक अधिकार अपरिहार्य रहेको कुरा स्पष्ट पार्दै जातीय नीति अगाडि ल्यायो। महान् जनयुद्धको दौरानमा जातीय नीतिलाई अझ प्रष्ट पार्दै व्यवहारिक रुपमा उत्पीडित जातिहरुको अधिकार सुनिश्चित गर्न उत्पीडनको पहिचानसहित संघीयता, स्वायत्त राज्य, स्वशासन, आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृति सहितका जनसत्ताहरु निर्माण भए र सम्पूर्ण उत्पीडित आदिवासी जनजातिहरुको विश्वास जित्न सफल पनि भयो। जातीय उत्पीडन वर्गीय उत्पीडनको एउटा रुप हो, त्यसैले नेपालमा जातीय उत्पीडनको अन्त्य गर्न नयाँ जनवादी क्रान्ति अपरिहार्य छ र नयाँ जनवादी व्यवस्थाले मात्र आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृतिसहित उत्पीडनको पहिचानको आधारमा संघीयता, उत्पीडित जातिहरुका लागि उनीहरुको आदिथलोमा स्वायत्त राज्यहरु तथा क्षेत्रहरु, स्वशासन, अग्राधिकारको व्यवस्था हेने स्पष्ट पाऱ्यो । तर जनयुद्धका नेतृत्व पंक्तिमा देखापरेको विचलन, वर्गीय तथा राष्ट्रिय आत्मसमर्पण, गद्दारी र धोका तथा तिनको नवसंशोधनवादमा पतन तथा क्रमशः प्रतिक्रियावादमा पतन हुँदै गएपछि जनयुद्धले ठूलो धक्का व्यहोर्नु पऱ्यो, क्रान्ति प्रतिक्रान्तिमा बदलियो । आज देश र जनताको मुक्तिका कुरा बीच बाटोमा अलपत्र परेका छन् । तर क्रान्तिकारी माओवादी पार्टी मात्रै नेपालमा त्यस्तो पार्टीको रुपमा विद्यमान छ, जसले जनयुद्धरत तात्कालीन नेकपा (माओवादी)को देश र जनतालाई मुक्त पार्ने सहि नीति आत्मसात गरेको छ। सहि जातीय नीतिमा आफ्नो अडान कायम राखेको छ । सँगै यसको प्राप्तिको लागि नयाँ जनवादी क्रान्तिको तयारीमा पार्टीलाई संगठन र संघर्षमा केन्द्रित गरेको छ। त्यसैले हामीले दाबीका साथ भन्न सक्छौं क्रान्तिकारी माओवादीसँग मात्र उत्पीडित जातिहरुको मुक्तिको वैज्ञानिक रोडम्याप छ।

➲ ***प्रायः सबै आन्दोलनको निर्णायक भूमिकामा देखिने नेवार समुदायमा अपेक्षाकत माओवादी आन्दोलनले प्रभाव पार्न नसक्नुमा केलाई मुख्य कारण ठान्नुहुन्छ ?***

नेवार समुदाय उपत्यकाको आदिवासी भएकोले राजधानीको वस्तुगत अवस्थाले तिनको जीवन व्यवहारमा प्रत्यक्ष प्रभाव पार्नु स्वभाविक छ, अर्को कुरा नेवार समुदायको चेत दीर्घकालीन तयारी र संघर्षभन्दा अल्पकालीन र विद्रोहात्मक चेत हो। हरेक संघर्षले एउटा गति प्राप्त गरिसकेपछि मात्र यस समुदायको आम सहभागिता देखिने गरेको छ । माओवादी आन्दोलनको कुरा गर्दा नेवार जातिभित्र क्रमशः सशक्त प्रभाव पर्दै गएकै देखिन्छ। तर उपत्यकाभित्रै माओवादी आन्दोलन जनयुद्धकालीन अवस्थामा मूलतः रक्षात्मक स्थिति नै रह्यो, जसले गर्दा आन्दोलनको गतिको मात्रा जुन रुपमा प्राप्त गरिसक्नुपर्ने थियो, त्यो पुग्न सकेको देखिदैन । यसको मतलव माओवादी आन्दोलनको प्रभाव कम परेको विश्लेषण ठीक होइन । शान्तिवार्ताको प्रक्रियामा आइसकेपछि समग्र पार्टी नेतृत्व इमान्दारीपूर्वक आफ्नो नीतिमा अडिग रही जनताको सेवामा जुट्नुपर्ने हो, त्यो हुन सकेन । नेतृत्वपंक्ति मै विचलन र गद्दारीले गर्दा तत्काले क्रान्तिकारी विचार र क्रान्तिकारी आन्दोलन मै नकारात्मक असर पुगेको देखिन्छ। त्यसैले माओवादी आन्दोलन उठाउनलाई नवसंशोधनवादको भ्रम चिर्न र जनताको विश्वास जगाउन ठूलै मेहनतको खाँचो देखिन्छ।


➲ ***अन्य माओवादी घटकभन्दा क्रान्तिकारी माओवादी के आधारमा सहि र क्रान्तिकारी छ, स्पष्ट पारिदिनुस् न।***

अन्य माओवादी घटकको हकमा हेर्दा जनयुद्धकालीन अवस्थामा तात्कालीन नेकपा (माओवादी)ले लिएका सहि नीतिहरु छोड्दै गएको देखिन्छ। आफ्नो वर्गप्रतिको निष्ठा तथा देश र जनताप्रतिको दायित्व अरु घटकहरुले छोड्दै गएको वा गद्दारी गरेको अवस्था छ। अरु प्रतिक्रियावादी शक्ति जस्तै कतिपय घटकहरु साम्राज्यवादी विस्तारवादी इशारामा नाच्ने गरेका छन् । तर नेकपा (क्रान्तिकारी माओवादी)ले जनयुद्धरत तात्कालीन माओवादीको वैज्ञानिक तथा क्रान्तिकारी नीति आत्मसात गरेको स्थिति छ र नेपालमा आएको राजनैतिक, आर्थिक, सामाजिक परिवर्तनलाई मार्क्सवादी-लेनिनवादी-माओवादी सिद्धान्तलाई दह्रो पक्रेर कार्यदिशा र क्रान्तिकारी विचारलाई समृद्ध गर्न लागि परेको छ । आफ्नो वर्गप्रतिको निष्ठामा प्रगाढता, देश र जनताप्रतिको बोधका अझ बढी गम्भीरता र नेतृत्वको राजनैतिक इमान्दारिता, अडान, सादा जीवन, उच्च विचारले नेकपा (क्रान्तिकारी माओवादी) को क्रान्तिकारी छविको स्पष्ट रुपमा अभिव्यक्त हुन्छ । अरु घटकसँग नेकपा (क्रान्तिकारी माओवादी)को तुलना हुन सक्दैन।

➲ ***अन्य छुटेका विषय छन् भने राखिदिनुस् न।***

नेपालमा प्रतिक्रियावादीहरु अहिले हावी छन् । जनयुद्धको नेतृत्व गरेका नेताहरुको विश्वासघात र गद्दारीले जनता निराश छन् । क्रान्तिकारी शक्तिको आत्मगत स्थिति कमजोर छ। क्रान्तिलाई निम्न पुँजीवादी अधैर्यताले हुर्नु हुँदैन। वर्ग रहेसम्म वर्गसंघर्ष रहन्छ र क्रान्तिको अपरिहार्यता हुन्छ । त्यसैले क्रान्तिकारीहरु धैर्यतापूर्वक अघि बढ्नुपर्छ। पराजय क्षणित हो, क्रान्ति अवश्यम्भावी छ। क्रान्तिकारीहरुले अझ दुःख र कष्टपूर्वक निरन्तर रुपमा अघि बढ्ने साहस गर्नैपर्दछ।

# नेपालको संघीय संरचना र स्थानीय तहको निर्माण


सीताराम तामाङ

१) **विषय उठान :–**
मैले यही पत्रिकामा (२०७३ साउन ३१ गते) "स्थानीय तहको पुनर्संरचना" बारे लेखमा नेपाल सरकारले "स्थानीय निकायको संख्या र सीमा निधारण आयोग"लाई दिएको निम्न कार्यनिर्देशको आधारमा छलफल गरेको थिएँ ।

- स्थानीय तहको सीमा निर्धारण गर्दा प्रदेश र जिल्लाको सीमा नटुक्र्याउने ।
- विद्यमान गा.वि.स. र नगरपालिकालाई गाभ्दा वडा तह समेत नटुक्र्याउने ।
- गाउँ पालिकाहरुमा वडा ५–२१ सम्म र नगरपालिकामा वडा ९–३५ सम्म हुनुपर्ने ।
- गाउँपालिकाका लागि हिमाली क्षेत्रमा १५ हजार, पहाडी क्षेत्रमा २५ हजार र भित्री मधेश र तराईमा ५० हजार जनसंख्या तोकिएकोछ ।
- नगरपालिकाका लागि हिमाली क्षेत्रमा २० हजार, पहाडी क्षेत्रमा ३५ हजार, भित्रि मधेशमा र तराईमा ७५ हजार तोकिएकोछ, आदि ।
- विशेष, संरक्षित र स्वायत्त क्षेत्रहरुको पहिचान स्थानीय तहका इकाईभित्रै पार्नुपर्ने, आदि ।

माथिको कार्यनिर्देशनको आधारमा २०७३ साउन २७ गते आयोगले नयाँ स्थानीय तहको संख्या ५६५ तोकिएको रिपोर्ट बुझाए पछि त्यसको सर्वत्र विरोध भयो । अचम्मको कुरा त के छ भने नेकपा (क्रान्तिकारी माओवादी), मधेशी, आदिवासी जनजातिहरुले मात्र नगरेर प्रधानमन्त्री के.पी. ओलीकै नेतृत्वको सरकारमा बसेको एमाओवादी र ने.का. (प्रतिपक्षी) समेतले विरोध गरेका थिए । उक्त विरोधका कारण मा.के, ने.का. र एमाले नेतृत्वको सहमतिमा "आयोग" लाई पुनः "ईलाकाको विद्यमान संरचनालाई आधार मानेर स्थानीय तह निर्माण गर्ने कार्यनिर्देश" गरेकोछ । संम्भवतः सरकारले छिटै यो सहमति लागु गर्नेछ । ईलाकालाई आधार मान्दाखेरी स्थानीय तहकोसंख्या ८०० को वरिपरि हुन सक्ने मन्त्री अजय शंकर नायकको कथन छ । तर यसले संविधानको धारा २९५(३) को उलंघन गर्नेछ भन्ने भनाई "आयोग"मा बसेका एक सदस्य सुनिल रञ्जन सिंहको रहेकोछ । संयुक्त मधेसी मोर्चाले संघीय राज्यहरुको नयाँ संख्या र सीमाङ्कन नभई स्थानीय तहको निर्माण गर्न अस्विकार गरेको छ । आदिवासी खस र आदिवासी जनजातिले पनि तीन ठूला राजनीतिक पार्टीहरुको उक्त सहमतिको विरोध गरेका छन् । हो, यसै विषयमा यहाँ छलफल गरिनेछ ।

२) **संघीयताको आवश्यकता किन ?**

- लामो समयदेखि नेपालको राज्यसत्ताको स्वरुप एकात्मक भएको र त्यसको मूल चरित्र हिन्दु उच्च जातीय अहंकारवाद रहेकोले त्यसबाट आदिवासी जनजाति, मधेसी र दलित समुदायले आफूलाई शोषित, उत्पीडित ठानेका ।
- काठमाण्डौं केन्द्रित शासन ब्यवस्थाबाट अन्य क्षेत्रले चरम उपेक्ष र उत्पीडन महशुस गरेका र शक्ति तथा साधन/श्रोतबाट विमुख भएका ।
- निवाचन प्रणाली समावेशी र सहभागितामूलक नभएको ।
- मजदुर र किसानको प्रतिनिधित्व नभएको ।

३) **संघीय संरचनाको स्वरुप कस्तो हुने ?**

क) २०६२ मंसिर ७ गते सात राजनीतिक दल र माओवादीबीच सम्पन्न १२१ बुँदे सहमतिपत्रमा निरंकुश राजतन्त्रको अन्त्य गर्ने भनिएको भनिएको र सो बाह्रबुँदे समझदारी अनुरुप प्रतिनिधिसभाको घोषणा (२०६३/२/४)बाट जनताले संविधान सभामार्फत नयाँ संविधान निर्माण गरी लोकतन्त्र, राज्यको पुनः संरचना सहित समावेशी राज्य व्यवस्था कार्यान्वयन गर्ने भनिएको ।

ख) नेपाल सरकार र माओवादीबीच सम्पन्न विस्तृत शान्ति सम्झौतामा (२०६३/८/५) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, अल्पसंख्यक समुदाय, पिछडिएका क्षेत्र लगायतका समस्याहरुलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रिकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनः संरचना गर्ने संकल्प गरिएको ।

ग) संविधानसभाको पहिलो बैठकले (१५ जेष्ठ २०६५) नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा गरेको र त्यसको कार्यन्वयनका लागि प्रतिबद्धता समेत प्रकट गरेको र अन्तरिम संविधानले (पहिलो संसोधन २०६३ चैत्र ३०) समेत "वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभाव अन्त्य गर्न केन्द्रित र एकात्मक ढाँचाको अन्त्य गरी समावेशी लोकतान्त्रिक, शासन प्रणाली सहितको अग्रगामी पुनः संरचना गरिनेछ" भनी आत्मसाथ गरेको ।

घ) अन्तरिम संविधानले (१३८.१.क) मधेशी जनता लगायत आदिवासी जनजाति र पिछडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ,प्रदेशहरु स्वायत्त र अधिकार सम्पन्न हुनेछन्, नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्त प्रदेशहरुको सीमा, संख्या, नाम र संरचनाका अतिरिक्त केन्द्र र प्रदेशका सूचीहरुको पूर्ण विवरण, साधन–श्रोत र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिनेछ (पाँचौं संशोधन, २०६५/३/२९) भनेको ।

ङ) संविधानसभा १ ले अन्तरीम संविधान (१३८.३) अनुसार राज्यको पुनः संरचना र संघीय शासन प्रणालीको स्वरुपसँबन्धी विषयको अन्तिम टुंगो लगाउन "राज्य पुनः संरचना ... आयोग" हरु दुइ पटक बनाएको । पहिलोले १४ प्रदेश र दोश्रोले १० प्रदेश एक गैर भौगोलिक प्रदेश सिफारिस गरेको थियो ।

उक्त आयोगले सिफरिस गरेकामध्य एउटालाई आधार मानेर राज्य पुनः संरचनामा जानुको सट्टा संविधानसभा–१ लाई नै अवसान गराई विदेशी शक्तिको निर्देशनमा निर्दलीय न्यायाधीसलाई प्रधान मन्त्री बनाई उसैको नेतृत्वमा संविधानसभा–२को निर्वाचनको नाटक गरी सेनालाई ब्यालेट बाकस बोकाई निर्वाचनको परिणाम घोषणा गरियो । २०४७ सालको संविधानलाई विश्वकै उत्कृष्ट संविधान भन्ने यथास्थितिवादी र प्रतिगामी तथा आत्मसमर्पणवादीहरुको दुई तिहाई बहुमत रहेको कथित संविधानसभा–२ले बनाएको संविधान स्वभावतः प्रतिगामी बन्यो र पहिचान विरोधीछ । हाम्रो पार्टीले यो संविधानलाई अंशमा सकरात्मक भए पनि समग्र र सारमा प्रतिकृयावादी भनेको कारण यहीहो ।

सामान्यतः संघीय संरचनामा संघ (केन्द्र) र प्रदेश (राज्य)का वीच अधिकार बाडफड गरिन्छ र स्थानीय तह प्रदेश अन्तरगत हुने गर्दछ (यद्यपि अधिकार बाडफाड भएको हुन्छ)। तर यो संविधानसभाले राज्यको संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तह निर्माण गरेको छ र अधिकारका हिसाबले प्रदेशलाई सामान्य प्रशासनिक निकायको रुपमा राखेको देखिन्छ । तसर्थः अहिलेको संविधानसभाले बनाएको ७ प्रदेश स्वायत्त प्रदेशहरु होईनन् । पञ्चायतले बनाएको क्षेत्र, अञ्चल, जिल्ला, गा.वि.स. र न.वि.स.लाई नै बैज्ञानिक सीमाना मानेर बनाइएको ७ प्रदेश र उक्त प्रदेशभित्र जिल्ला र गा.वि.स./न.वि.स. का वडा समेत नटुक्र्याई सीमा निर्धारण गरी बनाइएको स्थानीय तहको संख्या ५६५ सिद्दान्त र ब्यवहारमा नै गलत थियो । त्यसको चौतर्फी विरोध स्वभाविक थियो । तर भनाईछ एक पटकको ढाँटले सात पटक ढाँटछ । २०४९ सालको स्थानीय निकायका (जि.वि.स.) निर्वाचन गर्ने क्रममा ने.का. को सरकारले आफ्नो पार्टीको जि.वि.स.का उमेद्वार जिताउने हिसाबले तीन, चार गा.वि.स., न.वि.स. मिलाएर एउटा इलाका बनाएको थियो जस्को बैधानिकता छैन र बैज्ञानिक पनि छैन । त्यसलाई आधार बनाएर निर्माण हुने अर्को स्थानीय तहको संख्या केही ठूलो त होला तर बैज्ञानिक र व्यवहारिक हुन सक्ला ?

४) **पहिचान, प्रतिनिधित्व र पहुँचका लागि राज्य पुनः संरचना**

हाम्रो पार्टीले (क) आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृतिसहित जातीय क्षेत्रीय स्वायत्तता, (ख) उत्पीडित जातीय पहिचानसहितको संघीयता, (ग) पूर्ण समानुपातिक प्रतिनिधित्व, (घ)राज्यका सबै अंग र तहमा पहुँच, र (ङ) स्वायत्तताभित्र स्वायत्तता,आदि सिद्दान्तको आधारमा राज्यको संघीय पुर्नसंरचना गर्ने नीति लिएकोछ र संघर्ष गर्दै आएकोछ । राज्य पक्षले मधेसी, आदिवासी जनजाति र अन्य अल्पसंख्यक उत्पीडित समुदायहरुसंग जातीय क्षेत्रीय स्वायत्तता र पहिचानको आधारमा संघीय संरचना सीमाङ्कन गर्ने सहमतिहरु गरेको थियो । तर अहिले राज्य पक्षले यी सबै कुरालाई लत्याएर जुन ७ प्रदेश बनाएकोछ र स्थानीय सीमा निर्धारण आयोगलाई दिएको कार्यनिर्देश तथा थप निर्देश हेर्दा अन्तरिम संविधानको उल्टो र मधेसी जनजाति र अन्य समुदायहरुसँग गरेको सहमती–सम्झौताहरुको मर्मलाई वलपूर्वक कुल्चने काम गरेकोदेखिन्छ । यसले पहिचान, प्रतिनिधित्व र पहुचलाई अस्विकार गरेकोछ ।

५) **स्थानीय तह निर्माणमा राज्य किन असफल भयो ?**

- पहिचान, प्रतिनिधित्व र पहुँचका हिसाबले भूगोल, जनसंख्या, आर्थिक विकास, क्षमता, प्रशासनिक सुगमताका आधारमा गाउँ/नगरपालिका बन्नु पर्नेमा जनसंख्यालाई मुख्य आधार बनाएको कारण हचुवा र अवैज्ञानिक बन्न गयो । उदाहरण, एउटा जिल्लामा न्युनतम ३ र अधिकतम १३ सम्म स्थानीय तहको संख्या निधारण गर्दा १५ हजारभन्दा कम जनसंख्या भएको मनाङ र मुस्ताङको संरचना कसरी बन्न सक्छ ।
- पञ्चायतले कोरेको अञ्चल, जिल्ला र पञ्चायतको सीमानालाई बैज्ञानिक र ब्यवहारिक मानेर, त्यसलाई नै कायम राखेर तीन भन्दा बेशी गा.वि.स./न.वि.स.हरुलाई मिलाएर बनाएको स्थानीय तहलाई हचुवा भो भनेर विरोध भयो र अब त्यो खारेजीमा परेकोछ ।
- राज्यले आयोगलाई विशेष, संरक्षित र स्वायत्त क्षेत्रहरुको पहिचान स्थानीय तहमा ईकाईभित्रै पार्नु पर्ने निर्देश गरेको थियो । सामाजिक आर्थिक विकासको हिसावले पछि पारिएका विपन्न र दुर्गम क्षेत्रलाई विशेष र अल्पसंख्यक, लोपन्मुख र अति सीमान्तकृत जाति, समुदाय र सांस्कृतिक क्षेत्रलाई संरक्षित तथा एउटै जाति, भाषा र संस्कृतिभएको समुदायको सघन बसोवास क्षेत्रलाई स्वायत्त क्षेत्र/ईलाका बनाउनु पर्ने हुन्छ । उदाहरणका लागि, चेपाङ वस्तीहरु मकवानपुर, चितवन, धादिङ र गोर्खा जिल्लासँग जोडिएका भूभागहरुमा रहेका छन् । प्रदेश, जिल्ला र गाउँ/नगर वि.स.को सीमाना नभत्काई कसरी विशेष, संरक्षित र स्वायत्त क्षेत्र/ ईलाका निर्माण गर्न सकिन्छ !
- हालै नेका, एमाले र माकेका नेतृत्वको सहमतीमा आयोगलाई ईलाकाको विद्यमान संरचनालाई आधार मानेर स्थानीय तह निर्माण गर्ने जुन कार्यनिर्देश गरेकोछ, त्यसले संख्या त केही बढाउनेछ तर त्यो पनि हचुवा नै हुनेछ ।

६) **संघीयतामा स्थानीय तहको संरचना निर्माणको आधार**

- नेपाल राज्यलाई संघीय संरचनामा लैजानुको अर्थ राज्य शक्ति र श्रोत–साधनमा सबै वर्ग, जाति, लिङ्ग र क्षेत्रका जनताको प्रतिनिधित्व र पहुचलाई सुगम बनाउनु हो । स्थानीय तह राज्यको त्यो निकाय हो जहाँ सर्वसाधरण जनताको नजिकको सरोकार रहन्छ ।
- आत्म निर्णयको अधिकारको सैद्दान्तिक स्वीकृतिसहित जातीय क्षेत्रीय स्वायत्तता, पूर्ण समानुपातिक प्रतिनिधित्व र स्वायत्तताभित्र स्वायत्तताको सिद्दान्तलाई व्यवहारमा लागु नगरी संघीय संरचना पुराहुन सक्दैन । त्यस्का लागि प्रथमतः राज्यको विद्यमान क्षेत्र, अञ्चल, जिल्ला र गाउँ/नगरको अबधारणा हटाउनु पर्दछ । नेपालको सामाजिक विशेषताका आधारमा जातिय, क्षेत्रीय स्वायत्त प्रदेश निर्माण गरिने अबधारणाका आधारमा हेर्दा अहिलेको ७ प्रदेश वेठीक र हचुवा देखिन्छ ।
- संघीयतामा मूलतः तीन तह हुने गर्दछ : संघ (केन्द्र), प्रदेश र स्थानीय तह प्रदेश अन्तरगत रहन्छ तर नयाँ संविधानले प्रदेशलाई सामान्य प्रशासनिक निकायमात्र बनाएकोछ ।
- एक प्रदेशभित्र थुप्रै स–साना समुदायहरु रहन्छन् । स्वायत्तताभित्र स्वायत्तको नीति अन्तर्गत त्यस्ता साना जातीय/भाषिक समुदाय विशेषलाई सम्बोधन गर्न सकिन्छ । सामाजिक आर्थिक विकासको हिसाबले पछि पारिएका विपन्न र दुर्गम स्थानीय तहलाई विशेष, अल्पसंख्यक र अति सीमान्तकृत समुदायहरुको बसोबास भएको इलाकालाई संरक्षित र एउटै जाति, भाषा र संस्कृति भएको समुदायको सघन बसोबास क्षेत्रलाई स्वायत्त जिल्ला/ईलाका बनाउन सकिन्छ ।
- गैर भौगोलिक संघको निर्माण गरी निश्चित भूगोल नभएका तर छरिएर रहेका जाति वा समुदायलाई केन्द्र देखि स्थानीय तह सम्मको प्रतिनिधित्वको प्रत्याभूति गराउन सकिन्छ । नेपालमा दलित र मुसुलमान (धार्मिक अल्पसंख्यक) समुदायका लागि यो नीति लागुगर्न सकिनेछ ।

७) **विट मारनी**

हामीले माथि छलफल गरेको सिद्दान्त, नीति र आधारलाई हेर्दा के देखिन्छ भने माके, एमाले र नेकाको नेतृत्वको सहमतीमा सरकारले आयोगलाई पुनः दिने "इलाकाको विद्यमान संरचनालाई आधारमानेर स्थानीय तह निर्माण गर्ने कार्य निर्देश" को परिणाम पनि पूरानै भैं दोषभागी हुनेछ । नेपाली कांग्रेसले २०४९को स्थानिय निर्वाचनमा आफ्नो पक्षमा जि.वि.स. सदस्य जिताउन गेरिमेण्डारिङ नीति लागु गरेर जथाभावी ईलाका निर्माण गरेको थियो । त्यसै ईलाकालाई आधार मानेर पुनःकार्यनिर्देश गरिएको "आयोग"ले कस्तो परिणाम देला ? स्वभाविक छ, त्यो पनि हचुवा र अब्यवहारिक हुनेछ । हाम्रो पार्टीले संघीय पुनर्संरचनाको (माथिदेखि तलसम्म) वैज्ञानिक र ब्यवहारिक सीमाङ्कन र नामाङ्कनको पक्षमा संघर्ष गर्दै आएकोछ । तर गलत कुराको कहिले पक्षपोषण गर्ने छैन ।

---

◆ झर्रोटर्री कैलुब्राह

## देशबासीका नाममा प्रमको सम्बोधन

**प्यारा तर अप्ठ्यारा देशबासीहरू !**

सर्वप्रथम मुखैमा आएको दशैं र यसपछि आउने तिहार तथा छठका अवसरमा देशमा र विशेषगरि विदेशमा बस्ने नेपाली जनता जस्ले रेमिट्यान्स पठाएका छन् र यहाँ हामीले हाल हुकुम चलाउन पाएका छौंलाई शुभकामना दिन्छु । साथै हामी सत्तामा बस्नेले गरेका सबै राष्ट्रीय सन्धि सम्झौता जसलाई तपाईंहरू राष्ट्रघाती भन्नुहुन्छ प्रति आँखा चिम्लिएर समर्थन गर्ने सद्बुद्धि श्री नवदुर्गा भवानीले प्रदान गरुन् भन्ने सुभेच्छा प्रकट गर्छु । एउटै पार्टीमा बसेर पनि सुप्रिमोका विरुद्धमा अनेकथरी गुट उपगुट निर्माण गरेर अप्ठ्यारो पार्ने, अनेकौं पदमा बार्गेनिङ गर्ने, पार्टीमा किचलो पैदा मात्रै गर्ने प्रवृत्तिलाई दुर्गामाताले महाकालीको रूप धारण गरेर महिषासुरको वध गरेभैं यिनीहरूको पनि सत्यानास गरुन भन्ने दस औंला जोडि विन्तिभाउ गर्छु । हिज भुमिगत जीवनका बेलामा धर्मकर्म छोडेको भएता पनि यतिखेर बदलिएको परिस्थिति अनुसार अध्यात्मवाद र भौतिकवादलाई जोड्ने मेरो पहिलादेखिकै मनसाय भएकाले देैवेवता पनि यतिखेर मेरा निम्ति दाइना होऊन भन्ने प्रार्थना गर्छु । जेजसरी हुन्छ हे दुर्गेमाता मेरो कुर्चीको आयु चैतबाट अगाडि बढाइदेऊ भन्ने विन्तिभाउ गर्छु । यहाँ त चैत भेटाउने गारो पर्ला जस्तो भैसक्यो । 'या दुर्गे सर्व भूतेसु कुर्ची बचाइदेऊ संस्थिता नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः' ।

यतिखेर मने देश गम्भीर सङ्कटको अवस्थाबाट गुज्रिरहेको छ भन्ने म ठान्छु । यो गम्भीर सङ्कटको सामना गर्न हामी सबै गम्भीर रूपले लाग्न पर्छ भन्ने कुरा म देशको प्रधानमन्त्रीको हैसियतले भन्न चाहन्छु । मने यतिखेर हामी संविधान कृयान्वयनका क्रममा पनि छौं । सबै नेपाली जनताले यसलाई गम्भीरतापूर्वक लिनु पर्छ भन्ने म गम्भीरतापूर्वक आग्रह गर्छु । यदि संविधान लागू हुन पाएन भने हामी सबैका कुर्ची धरापमा पर्नेवाला छन् । अहिलेको पहिलो प्राथमिकता कुर्ची बचाउनु हो र त्यसका लागि संविधान लागू गर्नु हो । हामीले यो डेढ बर्सभित्र तीनवटा चूनाव सम्पन्न गर्नु पर्छ । नत्र हाम्रो यो कुर्ची प्राप्तिको उपलब्धी गुम्नेवाला छ र अर्कैले लैजानेवाला छ । प्रमको हैसियतले मैले नजिकैबाट अनुभूति गरेको छु । त्यो दृश्य देखिरहेको छु । दोस्रो कुरा केही दिन पहिला हामी छिमेकी मित्रराष्ट्रको भ्रमणमा गएका वेला गरिएका २५ बुँदे सहमतिलाई दृढतापूर्वक लागू गर्नु पर्नेछ । यदि त्यो लागू गर्न सकिएन भने हामीले छिमेकीसँग मुख देखाउन पनि लाजमर्ने हुन्छ । २५ बुँदे सहमतिलाई सबैले विरोध गरिराख्या छन् । मेरै पार्टीमा पनि एकाधले विरोध गरेर मलाई अप्ठ्यारो पार्या छन् । यस्ता सन्धि सम्झौता गर्न कति गाह्रो हुन्छ भन्ने कुरा सरकार चलाउनेलाई मात्र थाहा हुन्छ । राष्ट्र बचाउन खोज्ने हो भने कुर्ची बचाउन गाह्रो हुन्छ । राष्ट्र भन्दा कुर्ची ठूलो हो भन्ने म ठान्छु । जमीन त जस्ले लगे पनि यहीँ रहन्छ तर कुर्ची गयो भने हामी रहन सक्दैनौं । नेपालका नदीनाला छिमेकीलाई दिएर के भयो त पानी बग्ने त नेपालमै हो । बगिरहेकै त छन् । बगेको पानी सीमा काटेर उतै गएको छ । उतै जाने पानीलाई हामीले उनीहरूलाई नै हकभोग गर्न दिएर के बिरायौं । हाम्रो सरकार निर्माण गरिदिने पनि त उनीहरू नै हुन् । गुनको बदला नतिरेर के हामी कृतघ्न बन्न सक्छौं ? विरोध गर्नेहरूले यति कुरा पनि किन बुझ्दैनन् । सरकार बाहिर हुँदा त हामीले पनि राष्ट्रियताका कुरा उठाएकै त हौं । असमान सन्धि सम्झौता खारेज गर्नु पर्छ भनेर आन्दोलन पनि गरेकै हौं । तर यतिखेर हामी आफैं सरकारमा छौं । सरकारमा भएका बेला विरोध गर्नु भनेको आफ्नो खुट्टामा आफैं बन्चरो प्रहार गर्ने कुरा हो । त्यति मुर्ख त हामी छैनौं ।

**प्रिय रैतीसमुदाय !**

गएको बर्स भैंचालाले हाम्रा रैतीहरूलाई निकै सास्ती दियो । यो बर्स फेरि बाढी पहिरो र गाडी दुर्घटनाले निकै ठुलो जनधनको क्षति भएको छ । सामान्य जनको क्षतिले त खासै फरक पार्दैन । हाम्रो देशमा आधाआकासको सङ्ख्या धेरै नै छ । उनीहरूले अरू जनको जन्म दिइहाल्छन । धनको क्षति र विशिष्टहरूको क्षति पूर्ति गर्न हामीलाई गाह्रो हुन्छ । सबै भन्दा दुःखको कुरा त्यो हो । म प्रधानमन्त्री भएदेखि सबै क्षेत्रका पीडित परिवारलाई राहत दिने भनेर निर्णय पनि गरेको छु, तर मलाई अप्ठ्यारो के भएको छ भने विशिष्ट व्यक्तिहरूको उपचार र हाम्रो सरकारी भ्रमणका कारण राज्यको ढिकुटी सकिएकाले उनीहरूलाई पैसा दिन सकिएको छैन । दाताहरूले पनि अनेकौं बखेडा झिकेर हामीलाई पैसा दिएका छैनन् । रैतीहरूको काम धैर्य गर्ने हो । धैर्य गर्न नछोड्नुस् । हामी नेपालीहरूको इज्जत पनि यसैमा छ ।

अर्को कुरा मधेशवादी दलहरूले पनि यो सरकारलाई पूर्णरूपमा सहयोग गर्नु पर्छ । तपाईंहरूका मागका सम्बन्धमा महामहिम गुजरातीसँग हाम्रो समझदारी बनिसकेको छ । उहाँबाट हामीलाई यो यो गर्नु भनेर आज्ञा भइसकेको छ । यहाँ केही वातावरण मिलाउनु पर्नेछ । पूर्व प्रम श्री उखानप्रसादले बखेडा झिकेकाले उहाँलाई फकाउने कामले गर्दा ढिलाई हुन गएको हो । सकेसम्म हामीले यतैबाट सम्झाई बुझाई गर्यौं, यदि यताबाट सकिएन भने उतैबाट ठिकठाक पार्न लगाएर भएपनि मधेशीहरूका माग पूरा गरेरै छाड्छौं । तपाईंहरू नआत्तिनुहोला । आत्तिएर केही हुनेवाला छैन ।

राज्य सेवक कर्मचारीहरूलाई पनि म के भन्छु भने तपाईंहरूले राज्यका काममा ढिलाई नगर्नुहोला । छिटो भन्दा छिटो गरेर हामीले सरकारले निर्धारण गरेका काम सम्पन्न गर्नु पर्छ । राज्यको काम भनेको दशैं खर्च जुटाउन नसकेका सरकारवादी दलहरूका कार्यकर्ताहरूको खर्च व्यवस्थापन गर्नु, सरकारको भ्रमण व्यवस्था मिलाउनु, आन्दोलन गर्नेहरूलाई ठोकठाक र कोचकाच पार्नु, रोटीबेटीवाला छिमेकीसँग गरिएका सहमतिहरूलाई लिपिबद्ध गर्नु र कृयान्वयन गर्नु, राज्यसेवक कर्मचारीहरूलाई इधरका उधर उधरका इधर पारेर आफ्नो समर्थक बनाउनु आदि इत्यादि हुन् । यी कामहरूलाई प्राथमिकताक्रम अनुसार छिटो भन्दा छिटो पूरा गर्न म सबै हाम्रा नोकर चाकरहरूलाई निर्देशन दिन्छु ।

अन्त्यमा मुखैमा आएको दशैंलाई हुनेखानेहरूले निकै तामझाम र झ्वामझुम पारेर मनाउन म सबैमा आग्रह गर्छु । जहाँसम्म प्राकृतिक प्रकोपबाट पीडित परिवार छन् उनीहरूलाई त प्रकृतिले नै दुःख दिएको हुनाले हामीसँग कुनै प्रकारको गुनासो नगर्न र आशा नगर्न म अनुरोध गर्छु । नेपालीमा उखान छ नि 'जुन आगोले पोल्छ त्यहि आगोले सेक्छ' । त्यसैले भैंचालो, बाढी पहिरो, सवारी दुर्घटनाले उनीहरूलाई पोलेको हुनाले सेक्ने काम पनि उनीहरूकै हो । सरकारको काम सेक्ने होइन । सरकारले त त्यसको निरीक्षण गर्ने, भ्रमण गर्ने, वक्तव्य दिने र दाताहरूसँग भिख माग्ने काम मात्रै हो । त्यो त सरकारले गरेकै छ । नवदुर्गा भवानीले यो सरकारको रक्षा गरुन् । धन्यवाद, अभिवादन ।

१६ भदौ २०७३

kailubraha73@gmail.com

# सार्कको औचित्य र प्रभावकारितामा प्रश्न



केशरमणि कटुवाल

■ भारत पाकिस्तानको द्वन्द्वको छायाँमा सार्क

■ सार्कका उद्देश्य एकातिर, काम गराई अर्कोतिर

■ सार्कका नियम र बडापत्रमै समयसापेक्ष सुधारको खाँचो

दक्षिण एसियाली देशहरुबीचको सामूहिक भावना विकासको परिणाम हो सार्क स्थापना। ७-८ डिसेम्बर १९८५ मा बंगलादेशको राजधानी ढाकामा भएको पहिलो शिखर सम्मेलनले दक्षिण एसियामा सामूहिक सहअस्तित्वका लागि साझा संस्था स्थापनाको परिकल्पनालाई साकारा रुप प्रदान गऱ्यो। सार्कका परिकल्पनाकार बंगलादेशका तत्कालीन राष्ट्रपति जियाउर रहमान र नेपालका तत्कालीन राजा वीरेन्द्रको साझा संस्था स्थापनाको परिकल्पनाले त साकार रुप लियो। तर, सार्क आफैंमा उनीहरुले परिकल्पना गरेको जस्तो व्यवस्थित, गतिशील र संगठित संस्थाका रुपमा भने अझै उभिन सकेको छैन। हुन त सार्क स्थापनामा पनि भारतले बाध्यताले मात्रै स्विकार गरेको थियो। अहिले पनि सार्क भारतको प्राथमिकतामा परिरहेको छैन। उसले ब्रिक्स जस्ता संस्थालाई उच्च प्राथमिकता दिइरहेका बेला सार्क राष्ट्रसँग सुमधुर सम्बन्ध स्थापना गर्ने तर्फ भारतको ध्यान केन्द्रीत हुन नसक्नु बिडम्बनाको विषय हो। दक्षिण एसियाका सबै राष्ट्र एकजुट भएर सार्क स्थापना गर्न लागिपरेपछि आफू घेराबन्दीमा पर्ने बाध्यात्मक अवस्थामा भारत सार्कमा सहभागी भएको हो। अहिले यसकै परिणाम नै मान्नुपर्छ, भारतले सार्कभित्र अनेक प्रकारका अवरोध सिर्जना गर्दै आएको छ। यसपटक पनि भारतको पाकिस्तानलाई घुँडा टेकाउन र असफल पार्नका लागि सार्क शिखर सम्मेलनलाई बली दिन सफल भयो।

### भारत-पाक द्वन्द्वको शिकार सार्क

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) फेरि एक पटक भारत र पाकिस्तानको द्वन्द्वको शिकार बनेको छ। भारत प्रशासित कास्मिरका विषयलाई लिएर यसअघि नै दुई पटक भिडिसकेका भारत र पाकिस्तानबीचको अहिलेको तनावले तेस्रो युद्धको छनक दिइरहेको छ। सार्कको वर्तमान अध्यक्ष राष्ट्र नेपालले सार्क शिखर सम्मेलन निर्धारित मितिमा नै गर्नका लागि वातावरण निर्माण गर्नका लागि आग्रह गरेपनि त्यो वातावरण भारतले निर्माण गर्ने कि पाकिस्तानले निर्माण गर्ने भन्ने स्पष्ट खुलाएन। यसको अनौपचारिक अर्थ हुन्छ, पाकिस्तानले नै सार्क शिखर सम्मेलनका लागि उपयुक्त वातावरणको निर्माण गर्नुपर्छ। भारत प्रशासित कास्मिरमा विगत करिब ३ महिनादेखि चलिरहेको संघर्ष अन्ततः भारत पाकिस्तानबीचको तनावमा रुपान्तरण भएको छ। तर, कास्मिरको आन्दोलनलाई अहिले दुई देशबीचको नियन्त्रण रेखामा परेको रस्साकस्सीले ओझेलमा पारेको छ।

भारत प्रशासित कास्मिरको उरीमा लडाकु समूहले गरेको आत्मघाती हमलामा परी १८ भारतीय सैनिकको मृत्यु भएपछि दुई देशबीचको द्वन्द्व फेरि एक पटक भिडन्ततर्फ उन्मुख छ। भारतले दुई पाकिस्तानी सेनाको हत्या गरेर आतंकवादी मारिएको प्रचार गरेपछि पाकिस्तानले संयुक्त राष्ट्रसंघको ध्यानाकर्षण गराइसकेको छ। अहिले एक देशको सेनाको हत्या गरेर आतंकवादी मारिए भन्नुले भारतले सिंगो पाकिस्तानको स्वाभिमान र अस्तित्वमाथि धावा बोलिरहेको स्पष्ट हुन्छ। विगतमा सबैलाई आतंकवादी नै देख्ने साम्राज्यवादी भूत अहिले भारतमाथि सवार भएको बुझ्न अब कठिनाई परेन। भारतको यस्तो उत्तेजनात्मक भनाईले पाकिस्तानमाथि आफूलाई स्पष्ट पार्ने चुनौती पनि थपिदिएको छ। भारतको अतिले दक्षिण एसियाली क्षेत्रमा खति गर्दैछ। सामूहिक सहअस्तित्वको निर्माण गर्ने कसम खाएको सार्कभित्र रहेको एक राष्ट्रले अर्को राष्ट्रमाथि यस प्रकारको व्यवहार गर्छ भने सार्क आफैंमा कसरी गतिशील र सदृढ बन्छ, प्रश्न यहाँनेर पनि हो।

### अन्ततः १९ औं शिखर सम्मेलन स्थगित

सार्कको १९ औं शिखर सम्मेलन आगामी नोभेम्बर ९ र १० अर्थात कात्तिक २४ र २५ गते पाकिस्तानको राजधानी इस्लामावादमा हुने तय भएको थियो। तर, भारतले अचानक सार्क शिखर सम्मेलनमा सहभागी नहुने बताएपछि सार्क सम्मेलन स्थगित भएको छ। सार्कका कुनै एक राष्ट्र सहभागी नभएमा नै रोकिने शिखर सम्मेलनमा बंगलादेश, भुटान, श्रीलंका र अफगानिस्तानले समेत सहभागिता नजनाउने बताएपछि सार्क शिखर सम्मेलन स्वतः स्थगित भएको छ। सार्क शिखर सम्मेलनको स्थान परिवर्तनको प्रस्ताव आयोजक राष्ट्रले नै लानुपर्ने भएका कारण पनि सार्क सम्मेलनको अनिश्चितता थपिएको हो। पाकिस्तानले आफूले सार्क शिखर सम्मेलन गर्न नसकने कारणसहित स्थान परिवर्तनको प्रस्ताव लैजानुपर्दछ। पाकिस्तान अहिले नै त्यसको गर्ने मनस्थितिमा देखिदैन। सोही कारण पनि भारत र पाकिस्तानको टकरावको छायाँमा सार्क परेको छ। भारतीय केही सञ्चारमाध्यमले भने पाकिस्तानमा नभई अन्यत्र भएमा भने सार्क शिखर सम्मेलनमा सहभागिता जनाउन सक्ने संकेत गरेका छन्। भारतसँगै सार्कका पाँच सदस्य राष्ट्रले सहभागी हुन नसक्ने बताएपछि संकटमा परेको सार्क शिखर सम्मेलन अन्यत्र सारेर पाकिस्तानमाथि कूटनीतिक रुपमा पनि थप दबाब सिर्जना गर्ने योजनामा भारत रहेपनि पाकिस्तान तत्कालै त्यसको पक्षमा छैन। यदी पाकिस्तानले त्यसो गरेमा अंग्रेजी 'अल्फाबेट' का आधारमा हुने सार्क शिखर सम्मेलन श्रीलंकामा हुनुपर्नेछ।

### सार्कमा नेपालको भूमिका

नेपाल सार्कको अध्यक्ष राष्ट्र मात्रै नभएर संस्थापक र परिकल्पनाकार मुलुकमध्ये एक हो। सार्कको प्रधान कार्यालय नेपालमा नै रहेको छ भने सार्कका हरेक गतिविधिमा नेपालको धेरथोर हिस्सेदारी अवश्य छ। सार्कको अध्यक्ष राष्ट्र भएको नाताले नेपाल र सार्क शिखर सम्मेलन आयोजक राष्ट्रका हिसाबले पाकिस्तानको भूमिका यसको प्रभावकारिता, सुदृढिकरण, अवरोध भएका गतिविधिलाई नियमित गर्ने मुख्य दायित्व पनि यसबेला छ। भारत र पाकिस्तानबीच कास्मिरका विषयमा यसअघि दुई पटक युद्ध भएपनि नेपालले त्यसमा आफ्नो असंलग्न पराराष्ट्र नीतिलाई नै अवलम्बन गऱ्यो। यस्तै सन् १९६२ मा भएको भारत-चीन युद्धमा पनि नेपालको भूमिका असंलग्न नै रह्यो। अहिले भारतले अंग्रेजकालको उपनिवेशवाद र नेहरुकालको प्रभुत्ववादबाट मुक्त भएर सबैको सार्वभौमिकतालाई सम्मान गर्दै अघि बढ्न सकेन भने उनको सार्वभौमिकताको पनि अरुले सम्मान नगर्न सक्छ। भारत र पाकिस्तानबीच अहिले जुनप्रकारको तनाव सिर्जना भएको छ, यसको समाधान सैनिक शक्तिबाट हुन्छ कि हुँदैन भनेर गम्भीर आत्म समीक्षा गर्न जरुरी छ। त्यसमा पनि सार्क राष्ट्रभित्र उत्पन्न यसप्रकारको परिश्थितिको सार्कराष्ट्रभित्र छलफल हुने कि नहुने भन्ने प्रश्न पनि उत्तिकै जटिल छ। भारतले नै सबैभन्दा पहिले कास्मिरको मुद्धालाई राष्ट्रसंघ सम्म पुऱ्याएको हो। तर, त्यही राष्ट्रसंघले जनमत संग्रहबाट कास्मिर समस्याको समाधान गर्नुपर्दछ भनेर गरेको निर्णयलाई न भारतले मानेको छ न त राष्ट्रसंघले नै आफ्नो निर्णय कार्यान्वयन गर्न तदारुकता देखाएको छ। यसले कास्मिर एउटा बल्फिरहने घाउ बनेको छ र भारत पाकिस्तानलाई मात्रै नभई सिंगो दक्षिण एसियाली क्षेत्रलाई नै प्रभावित बनाउँदै आएको छ। संसारकै सबैभन्दा ठूलो लोकतान्त्रिक मुलुक भारतलाई कास्मिरमा लोकतन्त्रको अभ्यास गर्न के मुस्किल छ? यसको उत्तर भारतबाट पाइदैन। यसले भारत र पाकिस्तानको सम्बन्ध यतिसम्म बिगारेको छ कि जुनसुकै बेला पनि यस क्षेत्रमा युद्ध निम्तने खतरा छ। दक्षिण एसियाली क्षेत्रका दुई आणविक शक्ति सम्पन्न मुलुक भारत र पाकिस्तानबीच युद्धको अवस्था सिर्जना भएको त्यसले सिंगो सार्क क्षेत्रलाई नै प्रभावित बनाउने छ।

### सार्कको नियमितता र गतिशीलता

सार्कका शीर्ष नेताहरुको सहभागिता रहने सार्क शिखर सम्मेलन रोकिएको यो पहिलो अवसर होइन। यसअघि भारत र पाकिस्तानको द्वन्द्वकै कारण सन् २००२ मा चार वर्ष रोकिएर काठमाडौंमा एघारौं शिखर सम्मेलन भएको थियो। त्यसअघि र पछि पनि भारत र पाकिस्तानबीच पटक पटक भइरहने द्वन्द्व र शीतयुद्धका कारण सार्क प्रभावकारी बन्नै सकेन। स्थापनाको ३१ वर्ष पुग्न लाग्दा पनि यसले प्रभावकारी भूमिका खेल्न नसक्नुको मुख्य कारण सार्क राष्ट्रबीचको तनाब, योजना कार्यान्वयनमा दृढताको कमी र सार्कलाई गतिशील बनाउने स्पष्ट दृष्टिकोणको अभाव हो। सार्कको सिद्धान्तमा संगठनको ढाँचा भित्र गरिने सहयोग एक अर्काको सार्वभौम समानता, क्षेत्रीय अखण्डता, राजनैतिक स्वतन्त्रता, एक अर्काको आन्तरिक मामिलामा अहस्तक्षेप तथा आपसी हितमा आधारित हुने, यस्तो सहयोग दुईपक्षीय तथा बहुपक्षीय सहयोगको बदलामा नभई त्यसको पुरकको रूपमा हुने, दुईपक्षीय तथा बहुपक्षीय दायित्व विपरित र खराब नियतिका लागि नहुने स्पष्ट उल्लेख गरिएको छ। तर, सार्क राष्ट्रका सबै सदस्य राष्ट्रले यसलाई अंगिकार गर्न सकेका छैनन्। यसले सार्कको गतिविधिमा संकुचन र रोकावट पैदा गरेको छ।






### उद्देश्य र व्यवहारबीच तालमेलको कमी

सार्कको बडापत्रमा नै यसका उद्देश्यलाई किटान गरिएको छ। जसअनुसार, यस क्षेत्रको आर्थिक वृद्धि, सामाजिक प्रगति तथा सांस्कृतिक विकासमा तीव्रता ल्याउनु र सबै मानिसलाई स्वाभिमानसाथ रहने र उनीहरूलाई आफ्नो पूर्ण क्षमताको महसुस गराउने अवसर प्रदान गर्नु, दक्षिण एसियालीका देशहरूबीच सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि र सुदृढ गर्नु, आपसी विश्वास, एक अर्काका समस्याहरूप्रति समभदारी बढाउनु, आर्थिक, सांस्कृतिक, प्राविधिक, समाजिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहयोग र आपसी सहायता प्रवर्द्धन गर्नु, अन्य विकासोन्मुख देशहरूसँगको सहयोगलाई मजबुत तुल्याउनु, समान लक्ष्य र उद्देश्य भएका अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय संठनहरूलाई सहयोग पुऱ्याउनु, यस क्षेत्रको आर्थिक वृद्धि, सामाजिक उन्नति तथा सांस्कृतिक विकासलाई अभिवृद्धि गर्ने, दक्षिण एसियाका राष्ट्रहरूबीचको सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि र संवृद्धि गर्ने, एकआपसको समस्याप्रति पारस्परिक विश्वास र समझदारी राख्दै योगदान दिने र

आर्थिक, समाजिक, सांस्कृतिक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहभागिता र पारस्परिक सहयोगको अभिवृद्धि गर्ने रहेका छन्। तर, व्यवहारिकतामा त्यस्तो देखिदैन। अहिले भारत र पाकिस्तानबीचको शक्ति संघर्षले सार्कलाई छायाँमा पारेको छ। यो सार्कको उद्देश्यको ठीक विपरित हो। यसैगरी सार्क राष्ट्रबीचको आपसी विश्वासमा समेत कमी देखिन्छ। खासगरी भारत र पाकिस्तान, अफगानिस्तान र पाकिस्तानबीच यो वर्ष अन्तर्राष्ट्रिय स्तरको ध्यान आकृष्ट हुने गरी संघर्षहरु भए। पाकिस्तान र अफगानिस्तानबीच सीमा विवादका कारण लामो समयसम्म सीमा नै बन्द रहने अवस्था सिर्जना भयो। अहिले कास्मिरको विषयलाई लिएर दुई देशबीच द्वन्द्वको अवस्था सिर्जना भएको छ। गत वर्ष भारतले नेपालमाथि लगाएको अमानवीय नाकाबन्दी आदिले सार्कको उद्देश्य एकातिर र व्यवहार अर्कैतिर रहँदै आएको छ। यसमा आवश्यक सामन्जश्यता कायम नगरेसम्म सार्कको प्रभावकारिता रहनेमा आशंका गर्ने ठाउँ प्रशस्तै छन्। विगत तीन दशक लामो सार्कको इतिहास हेर्ने हो भने पनि महत्वपूर्ण एजेन्डाहरुमा समेत मौन रहँदै आएको छ।

सार्कका कुनै पनि राष्ट्रको सहमति बिना कुनै पनि सामूहिक निर्णय हुन सक्दैन। सार्क बडापत्रको धारा १० मा उल्लेख गरिएका सामान्य नियमहरुको व्यवस्था नै सार्कको गतिशीलताका लागि ठूलो बाधकको रुपमा रहेका छन्। सार्क बडापत्रको धारा १० मा सार्कका सबै स्तरका निर्णयहरु सर्वसम्मतिका आधारमा लिइने र द्विपक्षीय र विवादास्पद विषयहरु छलफलमा नै नराखिने उल्लेख गरिएको छ। यो नियम नै सार्कको गतिशिलताका लागि मुख्य बाधकको रुपमा खडा भएका छन्। अहिलेको अवस्थालाई हेर्ने हो भने भारत र पाकिस्तानबीच देखिएको द्वन्द्व सामूहिक छलफल, वार्ता र संवादको आधारमा पनि समाधान गर्न सकिन्छ। तर, सार्क बडापत्रका नियमले नै भारत र पाकिस्तानबीचको विवादमाथि छलफल गर्न प्रतिबन्ध लगाएको छ। यस्तै सार्कमा सामूहिक हितका विषय बाहेक द्विपक्षीय र विवादास्पद विषयमा छलफल नै नहुने भएका कारण भारत र पाकिस्तान, नेपाल र भारत, अफगानिस्तान र पाकिस्तानबीचका द्वन्द्वका विषयमा सार्क भित्र कुनै छलफल हुन सक्दैन। यस्तै सार्कका निर्णयहरु सर्वसम्मतिमा हुने भएका कारण कुनै एक देश वा अधिकाश देशले चाहेर पनि आफू अनुकूलको निर्णय गराउँन सक्दैनन्। यसले गर्दा सार्क जुन दक्षिण एसियाली क्षेत्रको आर्थिक वृद्धि, समाजिक प्रगति तथा सांस्कृतिक विकासको साधन बन्नु पर्ने थियो। त्यो बन्न सकेको छैन र यही प्रावधान रहेसम्म बन्ने पनि छैन। सार्कका उद्देश्यमा भनिएजस्तै सबै मानिसलाई स्वाभिमानसाथ रहने र उनीहरूलाई आफ्नो पूर्ण क्षमताको महसुस गराउने अवसर प्रदान यस प्रकारको संस्थाले उपलब्ध गराउँन सक्छ कि सक्दैन भन्ने प्रश्न पनि खडा भएको छ। सार्क आफैंमा गतिशील संस्था नभएसम्म दक्षिण एसियाली देशहरूबीच सामूहिक आत्मनिर्भरता अभिवृद्धि र सुदृढ गर्नु, आपसी विश्वास र समभदारी बढाउन, आर्थिक, सांस्कृतिक, प्राविधिक, समाजिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहयोग र आपसी सहायता प्रवर्द्धन गर्न सक्ने छैन। यसले गर्दा सार्कलाई गतिशीलता प्रदान गर्नका लागि नयाँ ढंगले सोच्नु र सोही अनुसार नियमहरुलाई परिमार्जित, विकसित र सदृढ बनाउन जरुरी छ। सार्कलाई प्रभावकारी बनाउनका लागि संयमतापूर्वक परिपक्व कूटनीतिक प्रयासबाट समस्या समाधानका लागि पहल गर्न जरुरी छ। साथै सार्कलाई प्रभावकारी बनाउनका लागि समय सापेक्ष नीति नियमहरुलाई सुदृढ र परिमार्जित बनाउनु पर्ने खाँचो समेत छ। अन्यता सार्क सधैं दुई देशीय द्वन्द्वमा रमिता हेर्ने दर्शकको रुपमा मात्रै रहने छ। त्यस्तो भएमा सार्कको औचित्यता र प्रभावकारिता दुवै समाप्त हुने खतरा छ। दक्षिण एसियाली देशको सामाजिक भावनालाई समेट्नका लागि वर्तमान गतिहीन सार्कको विकल्प, सुदृढ, प्रभावकारी र गतिशील सार्क नै हो।



# हुन्छप्रसाद

■ मित्रलाल पंगेनी

यो काम कल्ले सम्पन्न गर्छ ? भनेर प्रश्न गरियो । 'म सम्पन्न गर्छु ।' मैले उत्तर दिएँ । त्यो गर्नै पर्ने खालको काम हो र मैले पूरा गर्न सक्छु भन्नेमा म विश्वस्त थिएँ । त्यहाँ उपस्थितहरूको भेलाले त्यो कामको नेतृत्व मलाई नै दिने निर्णय गऱ्यो । एउटा गहन जिम्मेवारी आफ्नो काँधमा आइपुगेकामा म खुसी भएँ । मलाई समाजले पत्यायो । त्यहाँ आफूले प्राप्त गरेको जिम्मेवारीको विषयमा एउटा संक्षिप्त मन्तव्य नै दिएँ । मेरो मन्तव्य सुनेर पीडितहरू भावविभोर भए र आँखाबाट आँसु खसाले । त्यो काम सम्पन्न गर्ने वचनबद्धता जाहेर गरेर म त्यहाँबाट हिँडें ।

अर्को ठाउँमा पुग्दा अर्को भेला चलिरहेको थियो । त्यहाँ पनि एउटा महत्वपूर्ण काम सम्पन्न गर्न सक्ने इमान्दार मान्छेको खोजी भइरहेको थियो । विभिन्न मान्छेका नामहरू प्रस्तावित हुँदै थिए । निर्णय होला होला भैँ हुने र हुन नसक्ने भइरहेको थियो । चर्काचर्की बहस नै चल्न थाल्यो । दिन घर्कँदै गइरहेको थियो । मान्छेहरू आ-आफ्ना घर फर्कन हतारो गरिरहेका थिए । नेतृत्व चयन नगरीकन छाड्नु पनि हुँदैनथ्यो । यसै मेलोमा कुरैकुरामा होहल्लाका बीचमा लौ यसको नेतृत्व तपाईंले नै गर्नुस् भनेर प्रस्ताव मतिर तेर्स्याए । उपस्थित सबैले परर्र ताली बजाए । यसो विरोधको स्वर पनि कतैबाट उठेन । काम यो पनि कम महत्वपूर्ण थिएन । यत्रो ठूलो जिम्मेवारी पूरा गर्ने अवसर आइलागेकोमा मैले आफूलाई भाग्यमानी ठाने । अझ त्यत्रो विवादका बीचमा आफू सर्वसम्मत हुन पाएकोमा मेरो आत्मगौरवको भावना पनि बढेर आयो । आफूउपरको त्यो विश्वासलाई मैले कसरी इन्कार्न सक्थें र ! 'हुन्छ ।' भनिदिएँ ।

साँझ घरमा पुगेर विचार गरेँ– ओहो ! मैले त एकै साथ दुई ठूला ठूला जिम्मेवारी बोकेर पो आएँ त । अब जिम्मेवारीलाई कसरी पूरा गर्ने होला ? घोत्लिन थालेँ । मन आकासिँदै आकासिँदै कता हो कता पुग्यो । कतिबेला झल्याँस्स भएँ र यो उडुवा मनलाई यथार्थको धर्तीमा ओराल्ने प्रयत्न गरेँ । विस्तारै यो मन समेलिएर आयो–आखिर नेतृत्व लिने भनेको सम्बन्धित सबै मान्छेसित सल्लाह र सहयोग लिएर धैर्यपूर्वक इमान्दार भएर सक्रियतापूर्वक अगाडि बढ्ने काम त हो नि ! मैले विषयलाई सहजीकरण गरेँ । योजनाका खाका कोरेँ । गर्न पर्ने कामका विवरणहरू उतारेँ । त्यसको क्रम निर्धारण गरेँ । तत्तत् कामका निमित्त योग्य साथीहरूको छनोट पनि गरेँ । त्यहाँ म कुनै बदनियतले बोलेको थिइन । बिगार्ने उद्देश्यले मैले कुनै पनि काम जिम्मा लिएको छैन ।

हुन पनि ढङ्ग पुऱ्याएर काम गर्न जान्ने हो भने मान्छेले एकैसाथ ठूला ठूला कामहरू सम्पन्न गर्न सकेका उदाहरणहरू इतिहासमा पसी हेर्दा प्रसस्तै पाइन्छन् । सोचले खाम्छ कि खाम्दैन र ढङ्ग पुग्छ कि पुग्दैन भन्ने कुरा भिन्नै हो । त्यसो त धेरैतिर छरिएका कारणले प्रतिभासम्पन्न मान्छे पनि फ्यास न फुस भएर बिलाएका उदाहरण पनि नभेटिएका होइनन् ।

जेहोस् मैले काम सुरु गरेँ । टिमका साथीहरूले साथ दिएकै थिए । कामहरू राम्रैसित अगाडि बढेकै थिए । त्यही चार पाँच महिना पछि फेरि अर्को एउटा ठूलै थप जिम्मेवारी आइपऱ्यो । त्यो सम्पन्न गर्न पनि मैले नै पर्छ भन्ने लाग्यो । जिम्मेवारीबाट भाग्न हुँदैन भन्ने ठानेँ । विश्वासलाई जसरी पनि बोक्नु पर्ने अर्थ लगाएँ । अनि मैले सहर्ष पदभार ग्रहण गरेँ । एवंरीतले नयाँ नयाँ जिम्मेवारीहरू आइलाग्ने क्रम टुटेनन् । मैले त्यसलाई स्वीकार गर्ने क्रम पनि यथावत् चलि नै रह्यो ।

अब म एकैसाथ दसवटा संस्थाको नेता भएँ । काम गर्न त के, बैठकमा उपस्थित हुन समेत् गारो पर्न थाल्यो । कामहरू जतासुकै भद्रगोल भएर गए । जीवन बैठकमय बन्न पुग्यो । उपलब्धी देखाउने ठाउँ भने कतै बाँकी रहेन । अघि आदरले रोएकाहरू अब आजित भएर रुने स्थिति आयो । मेरो मनोदशाबाट सुल्झन विस्थापित भएर गयो र उल्झन आएर बसिरह्यो । चिन्ता बढ्यो, भोक र नीद घट्यो ।

जता ओरालो भेट्यो त्यता बगिहाल्ने पानीजस्तो तरल भावनाले मलाई आकारहीन प्राणीमा रूपान्तरित गरिदियो । छिनछिनमा बदलिन्छ मन । एउटै कुरामा अडिरहन गारो पर्छ । आफ्नो सामर्थ्य बिर्सेर बढी बोल्ने नेताजस्तै भएको छु म हिजोआज । कसैले पत्याउँदैनन् म बोलेको ! मेरो अनुपस्थितिमा मान्छेहरूले मेरो नाम फेरिदिएका छन् रे– हुन्छप्रसाद ।

कविता



■ हस्तबहादुर के.सी.

## क्रान्तिकारी आँट

अध्यारोलाई चिर्दै उज्यालोको खोजीमा
लम्कन्छन् क्रान्तिकारीहरू
अपठ्यारोलाई सप्ठ्यारोमा बदल्दै
अगाडि बढ्छन क्रान्तिकारीहरू
हजार पहाड चढ्न
हजार जंघार तर्न
डराउँदैनन् क्रान्तिकारीहरू
यो धर्तीमा
जहाँ पुग्छन् त्यहीँ
बनाउँदछन् आफना मित्रहरू
जुन आगनमा टेक्तछन्
त्यही आगनलाई
क्रान्तिकारी भूमिमा
बदल्छन् क्रान्तिकारीहरू
व्यक्तिगत स्वार्थ र सुखसुविधाबाट
मुक्त हुन्छन् क्रान्तिकारीहरू
शत्रुका गोली र बन्दुक देखि
डराउदैनन् क्रान्तिकारीहरू
देश र जनतालाई आवश्यक परे
मृत्युवरण गर्न
तयार हुन्छन् क्रान्तिकारीहरू
मृत्यु त सुन्दर जीवन हुन्छ
क्रान्तिकारीहरूका लागि
मृत्यु त सगरमाथामा भन्दा
उच्च हुन्छ
क्रान्तिमा लाम्बद्ध भएकाहरूका लागि
मृत्युलाई सुन्दर जीवनमा बदल्ने
साहस हुन्छ क्रान्तिकारीहरूमा
आँट र जोस विनाको
हुदैन क्रान्तिकारी
लक्ष्य र उद्देश्यविनाको
हुदैन क्रान्तिकारी
जीवनलाई सहीदमा बदल्ने
आँट हुन्छ क्रान्तिकारीहरूमा
मृत्यु भित्र पनि जीवन देख्ने
सपना हुन्छ क्रान्तिकारीहरूमा
देश दुनीया बदल्ने एक मात्र
आँट हुन्छ क्रान्तिकारीहरूमा
त्यसैले त
तिनीहरू आँटिला क्रान्तिकारी हुन्
देश र जनताको लागि
मर्न र गर्न तयार हुन्छन्

## राष्ट्रिय स्वाधीनतामाथि ...

विषयमा यस बीचमा धेरै सामग्रीहरु सार्वजनिक भएका छन् । ती सबैको विषयमा यो छोटो लेखमा उल्लेख गर्नु सम्भव छैन । तथापि केही प्रतिनिधिमूलक भनाईका अंशलाई मात्र यहाँ प्रस्तुत गरिएको छ ।

एकजना पूर्व परराष्ट्रमन्त्री भैसकेका राजनीतिक विश्लेषकले प्रचण्डको दिल्ली संयुक्त विज्ञप्तिलाई 'लम्पसारवाद'को संज्ञा दिएका छन् । सायद लम्पसारवाद भनेको आत्मसमर्पणवाद कै एउटा रुप हो । कुनै समयमा 'भारतीय विस्तारवादका बिरुद्ध सुरुङ युद्ध' भन्दै नेपाली युवालाई नेपाल भारतको सिमाना क्षेत्रमा सुरुङ खन्न लगाउने, 'प्रभुका अगाडि कुनै हालतमा झुक्दिनँ' भनेर हाँक दिने प्रचण्डजी त्यही भारतीय विस्तारवाद र प्रभुका अगाडि लम्पसार पर्नु र उनी आफैं 'लम्पसारवाद'का प्रवर्तक बन्नुलाई एउटा ठूलै विडम्बना मान्नुपर्छ ।

कुन पृष्ठभूमिमा र कुन प्रयोजनका लागि यो संयुक्त विज्ञप्तिमा हस्ताक्षर भयो भन्ने विषयमा समेत स्पष्ट गरिएको एउटा लामो उद्धरण यहाँ प्रस्तुत छ ः

"गत साता भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटेर आएपछि पुष्पकमल दाहाल फुरुक्क परेका छन् र फेरिएका छन् । ओइलाउँदै गएको उनको अनुहारमा कता कता रौनक आएको छ । यस्तो प्रतीत हुन्छ, यतिखेर उनी 'एनर्जी बुस्टर' खाएजस्तै बिशेष फुर्ती महसुस गरिरहेका छन् । झन् मोदीले भेटमा दाहाललाई आफूभन्दा ठूलो नेता भनेर फुरुक्कै पारिदिएछन् । मोदीले गरेको प्रशंसा हालै उनले आफ्नो भ्रमण विवरणसहित माओवादी केन्द्रको एक बैठकमा सुनाएका थिए । त्यही फुर्केका सुरमा वास्तवमा उनले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् लगायत अन्तर्राष्ट्रिय मामिलामा भारतसँग एक भएर प्रस्तुत हुने लचक-नीति अवलम्वन गर्न पुगेका छन् । अन्य नभएर स्वयं मोदीले नै आफ्नो प्रशंसा गरिसकेपछि उनी वास्तवमा नेपालमा जसले जे भने पनि के नै फरक पर्छ र, भन्ने मनोभाव उत्पन्न भएकाले सहमत भएका हुन् ।

"तर दाहाल जुनसुकै बुझाइले सहमत भए पनि यसको अर्थ के लाग्छ भने मुलुक अन्तर ाष्ट्रिय सम्बन्धमा अब उप्रान्त विधिवत भारतको सुरक्षाबन्धुत्वमा समावेश हुन गइरहेको छ । त्यस्तै भन्नलाई सार्वभौम, स्वाधीन, स्वतन्त्र भनिरहन छुट छ, तर संविधानको अन्तरवस्तु नेपालको आन्तरिक विषय होइन, भारत राजी नभई यसको अर्थ छैन भन्ने भारतीय प्रशासकीय लाइनलाई प्रकारान्तरमा दाहाल स्वीकार्न पुगेका छन् । उनी वास्तवमा नेपालको वाह्य र आन्तरिक दुबै मामिलामा भारतको साझा हिस्सेदारी सकारेर फर्केका हुन् । कुनै दूरगामी महत्वका सम्झौता नगर्ने भन्दै भारत गएका दाहाल यथार्थमा नेपाल बने यताकै राष्ट्रको परिभाषा बदल्ने उद्योग गरेर फर्केका हुन् ।"(कान्तिपुर दैनिकमा ७ असोज २०७३मा प्रकाशित, 'दाहालको दिल्ली गठबन्धन' शिर्षकको श्रीकृष्ण अनिरुद्ध गौतमको लेखबाट उद्धृत) ।

प्रचण्डले आफ्नो राजकीय भ्रमणका दौरानमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भाद्र ३१ गते जुन संयुक्त विज्ञप्ती जारी गरे, त्यसको लगत्तै पछि भारतको जम्मु कश्मिरको उरी भारतीय सैनिकको छाउनीमा बिहान ५ बजे भएको अचानक हमलामा १९ जना भारतीय सैनिकहरुको ज्यान गयो । त्यस घटनाले भारत र पाकिस्तानबीचको सम्बन्धमा मात्र होइन कि दक्षिण एशिया कै राजनीतिमा ठूलो प्रभाव पार्ने संभावना देखापरेको छ । यस घटनाका लागि भारतले पाकिस्तानलाई दोष दिएको छ । यसको प्रतिकृयास्वरुप भारतले पाकिस्तान माथि एउटा फौजी कारवाही समेत गरिसकेको छ । यस अवस्थामा चीनको परराष्ट्र मन्त्रालयले आफ्नो सरकारको समर्थन पाकिस्तानलाई रहने कुरा बताइसकेको छ । यस प्रकारको जोखिमतिर उन्मुख परिस्थितिमा प्रचण्डले दिल्लीमा हस्ताक्षर गरेको संयुक्त विज्ञप्तीको असर भविष्यमा देखिँदै जानेछ । सबै नेपालीले यी घटनालाई गम्भीरतापूर्वक अध्ययन गर्दै जानु आवश्यक छ ।

असोज १६, २०७३

शुभकामना !

हिन्दूहरुको महान चाड विजया दशमी, दीपावली तथा छठ पर्वको अवसरमा हाम्रा सम्पूर्ण सेवाग्राहीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वि.एन.एस. प्लाष्टिक प्रोडक्ट्स प्रा.लि. परिवार

हेटौडा औद्योगिक क्षेत्र
हेटौडा, मकवानपुर

नेपाल आयल निगम लि.को खाना पकाउने ग्यास (एल.पी.ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी अति आवश्यक जानकारी

एल.पी.ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

१. सिलिन्डर ल्याउँदा लैजादा नगुडाऔं । भान्सामा सिलिन्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्याल ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।

ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिरहेको छ भन्ने बुझ्नु पर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकाले तल भुइँमा बस्छ, यस्तो अवस्थामा झ्याल ढोका सबै बन्द गरौं र आगोको झिल्का निस्कने वस्तुहरु जस्तै- ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुली बत्तीलगायत कुनै पनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिन्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घर बाहिर खुला ठाउँमा राखौं र छिटोभन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो । उपभोक्ताको हितमा नेपाल आयल निगम लि.

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय बबरमहल
फोनः४२६२९७०, ४२६३४८५




## नयाँ पार्टी सदस्य ...

ग्रुप वा जनवर्गीय संगठनमा लैजाने प्रक्रियाको पनि थालनी गर्नु पर्दछ ।

**फूटनोटहरु**

१. लेनिन "एक पाइला अगाडि दुई पाइला पछाडि" प्रगति प्रकाशन मास्को सन् १९८५ पृ.५३
२. सोभियत संघको कम्युनिस्ट पार्टी (वोल्सेभिक)को इतिहास, सिर्जनशिल प्रकाशन, २०५६ पृ.३३
३. लेनिन "एक पाइला अगाडि दुई पाइला पछाडि" पृ.५३
४. सोभियत संघको कम्युनिस्ट पार्टी (वोल्सेभिक) को इतिहास सिर्जनशिल प्रकाशन, २०५६ पृ.३६
५. चिनियाँ कम्युनिस्ट पार्टीको आठौं महाधिवेशन (१९५६) द्वारा पारित विधान धारा १
६. चिनियाँ कम्युनिस्ट पार्टीको नवौं महाधिवेशन (१९६९) द्वारा पारित विधान धारा १
७. नेकपा (क्रान्तिकारी माओवादी)को अन्तरिम विधान धारा २
८. सोभियत संघको कम्युनिस्ट पार्टी (वोल्सेभिक) को इतिहास, सिर्जनशिल प्रकाशन, २०५६ पृ.२३१
९. चिनियाँ कम्युनिस्ट पार्टीको नवौं महाधिवेशन (१९६९) द्वारा पारित विधान धारा २

## क्रान्तिकारी मजदुरहरु ...

सम्बन्धलाई उत्पादकत्व वृद्धिको प्रबल आधार मानी काम नगर्दाको पारिश्रमिक दिनुपर्ने छैन । यस सम्बन्धमा श्रम वा प्रचलित कानुनले निर्दिष्ट गरेबमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ ।' ऐनमा विद्युतीय हस्ताक्षर (डिजिटल सिग्नेचर) र विद्युतीय कारोबारलाई पनि मान्यता दिइएको छ ।

**औद्योगिक व्यवसाय विधेयक खारेज गर्न क्रान्तिकारी माओवादीको माग**

विधेयक पारित भएलगत्तै नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले शुक्रबार एक विज्ञप्ती जारी गर्दै औद्योगिक व्यवसाय विधेयक खारेजीको माग गरेका छन् । विधेयकले औद्योगिक मजदुरहरुको पेशागत आन्दोलनसम्बन्धी हक अधिकारमाथि गम्भीर आघात पुर्‍याएको र विधेयक मजदुरवर्गको लोकतान्त्रिक अधिकार तथा हकहित विरोधी रहेको भन्दै क्रान्तिकारी माओवादीले विधेयक खारेजीको माग गरेको हो । उसले विधेक तुरुन्त खारेज गर्न र मजदुरवर्गको हकहितमाथि आघात नपुर्‍याउन सरकारसँग जोडदार माग गरेको छ ।

**क्रान्तिकारी ट्रेड यूनियन महासंघद्वारा विधेयकविरुद्ध संघर्षको आव्हान**

क्रान्तिकारी माओवादी निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका संयोजक इश्वर तिमिल्सिनाले पनि शुक्रबारै एक विज्ञप्ती जारी गर्दै १३ असोजमा व्यवस्थापिका संसदले पारित गरेको औद्योगिक व्यवसा विधेयक मजदुरवर्गको  राजनैतिक तथा पेशागत अधिकारमाथि गम्भीर आक्रमण गरिएको भन्दै विधेयक खारेजीका निम्ति विभिन्न ट्रेड यूनियनहरु तथा मजदुरहरुलाई संघर्षका निम्ति आव्हान गरेका छन् ।

संयोजक तिमिल्सिनाले पारित विधेयकले औद्योगिक क्षेत्रमा कार्यरत मजदुरहरुले श्रम ऐनको आधारमा उपभोग गर्दै आएको संगठित हुने, मागहरु राख्ने र सामुहिक सौदावाजी गर्ने सामान्य व्यावसायिक हक समेत खोसेर उद्योगपतिहरुको तानाशाही शोषणलाई कानुनी रुपले बाटो खोलिदिएको छ भन्दै भनेका छन्, "हामी मजदुररुले उठाउँदै आएको मजदुर पक्षीय श्रम ऐन निर्माण तथा पारित विधेयक खारेजीको निम्ति संघर्ष गर्न विभिन्न ट्रेड यूनियनहरु तथा मजदुरहरुलाई आव्हान गर्दछौं ।"

## लोकेन्द्रमान केन्द्रित ...

सरकारले आइतबार संसदमा चिकित्सा शिक्षा विधयेक पेस गरेको थियो । 'एक थान चिकित्सा शिक्षा ऐन नभई आमनागरिक तथा मेडिकल विद्यार्थीको हित हुनेगरी र अहिले कायम मनपरी अन्त्य हुनेगरी यो ऐन आयो भनेमात्रै अर्थ रहन्छ,' केसीले जारी गरेको जारी विज्ञप्तिमा उल्लेख छ ।

उनले मन्त्रिपरिषद्द्वारा गठित समितिले बुझाएको मेडिकल शुल्कसम्बन्धी प्रतिवेदन कार्यान्वयन नगर्न माग गरेका छन् । कलेजका प्रतिनिधिले बनाएको कथित समितिको प्रतिवेदन खारेज गर्नुपर्ने उनको माग छ ।

समितिले एमबिबिएस शुल्क अधिकतम् ६२ लाख हुनेगरी प्रतिवेदन बुझाएको छ । माथेमा प्रतिवेदनले भने शुल्क ३५ लाख तोक्न सुझाव दिएको थियो । केसीले आठौं अनशनक्रममा साउन १० गते सरकारसँग भएको सम्झौताअनुसार चिकित्साशास्त्र अध्ययन संस्थानमा तत्काल वरिष्ठताका आधारमा डिन नियुक्ति गर्नुपर्ने, चिकित्सा शिक्षा ऐनको मर्मविपरित संसदमा विचाराधीन प्रक्रिया फिर्ता गरिनुपर्ने र संस्थानका भ्रष्ट पूर्वपदाधिकारीमाथि छानबिन र कारबाही अघि बढाउन पनि माग गरेका छन् ।

सरकारका तर्फबाट स्वास्थ्यमन्त्री गगन थापा र शिक्षामन्त्री धनीराम पौडेलले डा.केसीलाई पत्र लेखी चिकित्सा शिक्षासँग सम्बन्धित सम्पूर्ण माग पूरा गर्ने वाचा गरेका थिए । सोहीअनुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) सिनेटले प्रतिष्ठानको नामको अघि मनमोहन अधिकारी जोडेर सरकार र केसीबीच भएको सम्झौता कार्यान्वयनमा सघाउने प्रक्रिया अघि बढाइसकेको छ ।

चिकित्सा शिक्षासम्बन्धी माग पूरा हुने क्रममा रहेको र अख्तियार प्रमुखको विषय न्यायालयमा विचाराधीन रहेकाले अनशन नथाल्न सरकार पक्षले गरेको आग्रह अस्वीकार गर्दै केसी फेरि अनशनमा बसेका हुन् । डा.केसीमा माग सम्बोधन गर्न विभिन्न क्षेत्रबाट दबाब आएको छ । तर, डा.केसीको मागका विषयमा चिकित्सा क्षेत्र नै दुई भागमा विभाजित छ ।

## साबुन पानीले हात धुनैपर्ने जोखिमपूर्ण अजस्थाहरु

निम्नलिखित अवस्थामा साबुन पानीले उपयुक्त तरिकाले मिचि हात धुने गरेमा विभिन्न संक्रामक रोगबाट बच्न सकिन्छ -

- » खाना पकाउनु वा तयार गर्नु अघि
- » खाना खानु र बच्चालाई खुवाउनु अघि
- » आमाले बच्चालाई आफ्नो दूध खुवाउनु अघि
- » दिशा पिसाव गरिसकेपछि
- » बच्चाको दिशा धोइसकेपछि वा विसर्जन गरेपछि
- » फोहोर सामानहरु चलाइसकेपछि
- » चर्पी सफा गरेपछि
- » बच्चाले दिशा पिसाब गरेको कपडा फेरेपछि

माथि उल्लेख गरिएका बाहेक आफ्नो हात दिशा वा फोहोर छोएपछि साबुन पानीले हात धुनु पर्दछ ।

**जिल्ला जनस्वास्थ्य कार्यालय, टेकु, काठमाडौं**

शुभकामना !
हिन्दूहरुको महान चाड विजया दशमी, दीपावली तथा छठ पर्वको अवसरमा हाम्रा सम्पूर्ण सेवाग्राहीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राम कोइराला
(९८५५०६७७००)
सञ्चालक
शिववुवा प्लाइउड एण्ड काष्ठ उद्योग
हेटौडा औद्योगिक क्षेत्र, हेटौडा, मकवानपुर

शुभकामना !
हिन्दूहरुको महान चाड विजया दशमी, दीपावली तथा छठ पर्वको अवसरमा हाम्रा सम्पूर्ण सेवाग्राहीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लालु प्रसाद दुदराज
९८४५०४२७३८
सञ्चालक
सौभाग्य सुनचाँदी पसल
हेटौडा-३, कान्तिपथ, मकवानपुर

शुभकामना !
हिन्दूहरुको महान चाड विजया दशमी, दीपावली तथा छठ पर्वको अवसरमा हाम्रा सम्पूर्ण सेवाग्राहीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
भिक्टोर प्रजा
९८५५०६७९०३
सञ्चालक
मनहरी अटो ई-रिक्सा प्रा.लि.
मनहरी-३, मकवानपुर

शुभकामना !
हिन्दूहरुको महान चाड विजया दशमी, दीपावली तथा छठ पर्वको अवसरमा हाम्रा सम्पूर्ण सेवाग्राहीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
एकता प्लाष्टिक प्रोडक्ट्स प्रा.लि. परिवार
हेटौडा औद्योगिक क्षेत्र, हेटौडा, मकवानपुर ।
फोन नं. ०५७-४१२५९३, email : ekataplastic@gmail.com
हामीकहाँ प्लाष्टिकसम्बन्धी विभिन्न किसिमका वस्तुहरु उत्पादन गरिन्छ।

जम्काभेट

## मुद्दा, संघर्ष र संकल्पको हिसाबले हामी कमजोर छैनौं



**राम नेपाली**
सहसंयोजक अखिल (क्रान्तिकारी)

- ***थुनामुक्त हुनुभयो, कस्तो अनुभूति भइरहेको छ ?***

एक किसिमको खुसी र एक किसिमको आक्रोसको अनुभूति भइरहेको छ । पार्टीको आन्दोलनको कार्यक्रम र हाम्रो अनसनको दबाबमा राज्य झुक्न बाध्य भयो र हामीलाई रिहा गर्‍यो । यसमा खुसी लागेको छ । तर, बिनाकारण प्रहरी प्रशासनले गिरफ्तार गरी राज्यले झुठ्ठा मुद्दा लगाउने दुश्प्रयास गरेको प्रति आक्रोसित छु ।

- ***एक हजारको कुपन अभियानमा राज्यले हस्तक्षेप मात्र गरेन, तपाईहरुलाई मुद्धा समेत लगायो । किन होला ?***

कुनै पनि क्लबदेखि सामाजिक संघ संस्था र पार्टी तथा राजनीतिक संगठनहरु लेबी, अनुदान, स्वेच्छिक चन्दा तथा आर्थिक सहयोगमा नै चल्ने हो । कुपन अभियान हाम्रो पार्टीको बिशेष आर्थिक अभियान हो । आफ्नो पार्टीका नेता, कार्यकर्ता, शुभचिन्तकसँग पार्टीले नियमित तथा यस्तो बिशेष अभियानमार्फत आर्थिक संकलन गर्छ । यसमा राज्यले हस्तक्षेप गर्नु अराजनीतिक र असान्दर्भिक कार्य हो । अझ झुटा मुद्धा नै लगाउनु त राज्यको फाँसीवादी शैली नै हो । हाम्रो पार्टीले उठाएको राष्ट्रियता, जनतन्त्र र क्रान्तिको उद्घोषबाट दलाल फाँसीवादी र कायर राज्य डराएर हामीमाथि यस्तो हर्कत गरेको हो ।

- ***अखिल (क्रान्तिकारी) भ्रष्ट, शैक्षिक प्रणाली र भ्रष्ट शैक्षिक संस्था र माफियाविरुद्ध कसरी जुधिरहेको छ ?***

अखिल (क्रान्तिकारी) मा धेरै पटक फुट आयो र संगठन एक प्रकारले कमजोर हुन पुगेको छ । तर, मुद्दा, संघर्ष र संकल्पको हिसाबले हामी कमजोर छैनौं । संगठनको सदृढिकरण र विस्तार गर्दै हामी अहिले वैधानिक संघर्षका कार्यक्रमहरुमार्फत शैक्षिक शुल्क वृद्धि, अनियमितता, भ्रष्टाचार र शिक्षामा फैलिएको माफियाकरणको प्रतिरोध र भण्डाफोर अभियानमा छौं ।  संगठनको सुदृढिकरण र विकाससँग अखिल (क्रान्तिकारी) बैध र अवैध दुवै प्रकारका संघर्षहरु अघि बढाउने योजनामा छ ।

शुभकामना !
हिन्दूहरुको महान चाड विजया दशमी, दीपावली तथा छठ पर्वको अवसरमा हाम्रा सम्पूर्ण सेवाग्राहीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रदिपकेशर लामिछाने
(९८४५०२५५६८)
व्यवस्थापक
यति पोलिक्याम्प प्रा.लि.
हेटौडा औद्योगिक क्षेत्र, हेटौडा, मकवानपुर

विजयादशमी ०७३ को हार्दिक मंगलमय शुभकामना !
आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं, फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४) फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

विजयादशमी ०७३ को हार्दिक मंगलमय शुभकामना !
आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६, बल्खु, काठमाडौं ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति
विजयादशमी ०७३ को हार्दिक मंगलमय शुभकामना !
सम्पर्क
कृष्ण सुवेदी – ९८५१०१८९१२
राम के.सी. – ९८५१०५४२६४
होम छन्त्याल – ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४
माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# मजदुरविरोधी औद्योगिक व्यवसाय विधेयक र हाम्रो कार्यभार



■ ईश्वर तिमल्सिना

व्यवस्थापिका संसदको बैठकद्धारा औद्योगिक व्यसायक विधेयक २०७३ बहुमतले पारित गरी ऐन निर्माणको अन्तिम अवस्थामा पुगेको छ। खासगरी कांग्रेस, एमाले र माओवादी केन्द्रका सांसदहरुको अगुवाइमा तथा ती दलसम्बद्ध मजदुर संगठनहरुको पहल र भूमिकामा ल्याइएको सो विधेयकले स्वीकृति पाएलगत्तै श्रम बजारमा गम्भीर चर्चा परिचर्चा सुरु भएको छ। यसबाट ठूला घरानाका उद्योगपति, व्यावसायीहरुमा हर्षोल्लास र खुशी व्यक्त भएको छ भने देशका ठूला संचारगृहहरुले पनि यसलाई बडो महत्वका साथ प्रचार गरेका छन्। उनीहरुले भनेका छन्, अब यो कानुन लागू गरेर अगाडि बढेमा देशमा औद्योगीकरणमार्फत् समृद्धि प्राप्त गर्ने बाटो खुलेको छ। औद्योगिक क्षेत्रमा हुने बन्द, हड्ताल तथा मजदुरहरुले गर्ने पेशागत राजनीतिले गर्दा अबरुद्ध भएको नेपाली उद्योगधन्दाको विकास अब उप्रान्त औद्योगिक क्षेत्रमा हुने विवाद समाधान भएर उद्योगधन्दा फस्टाउने र समृद्धि प्राप्त हुने उनीहरुको अपेक्षा छ। तर यसको विपरीत श्रमिक वर्गको हितका निम्ति क्रियाशिल विभिन्न मजदुर संगठनहरु, राजनीतिक शक्तिहरु र श्रमिक वर्गको अत्यधिक ठूलो हिस्सा यसखाले कानूनले श्रम बजार र श्रमिक वर्गको जीवनमा पार्ने घातक असरबारे बहस, छलफल र संघर्षको तयारी गर्ने योजनामा जुटिरहेका छन्।

आफूलाई सर्वहारावर्गको पार्टी बताउने माओवादी केन्द्रको नेतृत्वमा सरकार भएको बेला कांग्रेस, एमालेलगायत श्रमिकविरोधी शक्तिहरुले ल्याएको यो विधेयकको मूल उद्देश्य श्रमिकहरुले विगतमा सीमित रुपमा उपयोग गर्दै आएका सम्पूर्ण कानुनी अधिकारलाई समाप्त पार्नु रहेको देखिन्छ। अब कानुनी रुपमा आफूविरुद्ध भएका अन्यायका विपक्षमा उपचारमा जाने बाटो जो श्रमऐनमार्फत् प्राप्त भएका थिए, ती समेत पार्न खोजिएको छ।

के हो त्यस्तो विषय ? जसले मजदुरहरुको राष्ट्रिय, अन्तर्राष्ट्रिय रुपले स्वीकृत मौलिक हक, जसले श्रम क्षेत्रमा कार्यरत मजदुरहरुले उपयोग गर्दै आइरहेका न्यूनतम अधिकारसमेत खोसेर उद्योगपति र मालिकहरुको शोषणलाई वैधानिकता दिन खोजिएको छ। प्रथमतः औद्योगिक क्षेत्रमा कार्यरत श्रमिकहरुलाई आस्थाका आधारमा संगठित हुने अधिकारलाई बन्देज लगाउने, दोस्रो, मजदुरहरुले आफ्ना जायज मागहरु पेश गर्न, छलफल गर्न वा गुनासाहरु राख्ने बाटाहरुसमेत बन्द गर्ने, तेस्रो, आफ्ना जायज मागहरुबारे उद्योगपतिसमक्ष दबाब दिन रोक्ने, चौथो, उद्योगपतिहरुले चाहेका बखत कामदारहरु भर्ति गर्न र चाहेका बखत उद्योगधन्दा बन्द गर्न समेत पाउने लगायतका विषयहरु रहेका छन्।

मजदुरहरुका न्यूनतम मानवीय र मौलिक हकसमेत समाप्त पार्नका लागि केही वर्षदेखि उद्योगपति र व्यवसायीहरुले बडो कलात्मक र भ्रमपूर्ण जालसाँचीपूर्णरुपले प्रयोग गर्दै आएको कथित 'नो वर्क, नो पे' र 'हायर एण्ड फायर' नीतिको कानुनी र व्यवहारिक प्रयोग नै यो विधेयकको सार रहेको छ।

शाब्दिक अर्थबाट हेर्दा नो वर्क नो पे भनेको काम नगरेको अवस्थाको ज्याला श्रमिकहरुलाई नदिने भन्ने अर्थ लाग्दछ। तर अन्तर्यमा उद्योगपतिहरुले श्रमिकहरुको श्रममाथि लुट मच्चाउनका लागि बनाइएको कलात्मक हतियार हो। खासगरी मजदुरहरुले ज्याला वा तलवसम्बन्धी विषयमा चल्ने छलफलहरु जब समाधान हुँदैनन्, तब उद्योगहरुमा मजदुरहरुको अगाडि दबाब दिनका लागि निश्चित प्रक्रियाहरु निर्धारण गरिएका हुन्छन्। तिनै कानुनी रुपले निर्धारित विधिसंम्बत प्रक्रियाहरुको चरणहरु पार हुँदै जाँदा त्यो हड्तालको तरणमा पुग्ने गर्दछ। त्यही हड्तालको क्रममा सोभन्दा अगावै हुने नो वर्क (काम नगरेको) अवस्थाको पारिश्रमिकमा उत्पन्न पारिश्रमिक विवादलाई नो पे (पारिश्रमिक नदिने) भनिएको हो। यहाँ विचारणीय कुरा के छ भने नेपालमा जति पनि श्रम विवादहरु हुने गरेका छन्, लगभाग सबैजसो उद्योगहरुको उद्योगपतिहरुको श्रम कानुन उलंघनका कारणबाट नै सिर्जना हुने गरेका छन्।

त्यसैगरी हायर एण्ड फायर उद्योगपति/पुँजीपति वर्गले लामो समयदेखि फत्फदाउँदै आएको नारा हो। यो उद्योगपतिहरुले मजदुरहरुलाई कुनैपनि बेला भाडामा लिन र कुनै पनि बेला निष्कासन गर्न पाउने भनिएको हो। व्यवहारिक रुपमा मजदुरहरुले उपयोग गर्न धेरै नपाएको तर श्रमऐनको व्यवस्था अनुसार मजदुरहरुलाई काममा लगाउँदा वा कामबाट हटाउँदा अपनाउनुपर्ने केही प्रक्रियाहरु कायम थिए। जस्तै नियुक्ति पत्र दिएर काममा लगाउनुपर्ने, २४० कार्यदिन पूरा गरी परीक्षणकाल पूरा भएपछि स्थायी नियुक्तिपत्र दिनुपर्ने, कामदार कटौती गर्दा आधार पेस गर्नुपर्ने र सौदाबाजीका आधारमा वा तोकिए बमोजिम आर्थिक उपलब्ध गराउनुपर्ने लगायतका थिए। तर हायर एण्ड फायरका आधारमा पारित विधेयक लागू हुने क्षेत्रमा कुनै श्रम ऐन लागू हुने छैन। उद्योगपतिहरुले चाहेका बखत चाहेको अवधिका लागि मजदुरहरु राख्न सक्नेछन्। कुनै मजदुरका लागि एक घण्टा मात्र काम दिन उद्योगपतिका लागि छुट छ। हप्तामा वा महिनामा कति दिन कति घण्टा उद्योगपतिले आवश्यक ठान्दछ, त्यति घण्टा वा दिन काम गर्नु मजदुरहरुको वाध्यता हुनेछ। सारतः यो उद्योगपतिले चाहेका बखत मजदुरहरुलाई कुनै पनि बेला विनाकारण पनि कामबाट निस्कासन गर्न सक्ने भन्नुनै हायर एण्ड फायर हो।

अन्त्यमा, व्यवस्थापिका संसदद्वारा पारित यस विधेयकले के पुष्टि गरिदिएको छ भने खासगरी दलाल पुँजीपतिवर्गको अनुदार हिस्साको प्रभावमा परेर कथित लोकतान्त्रिक भनिएका ठूला राजनैतिक पार्टीहरुले भनेको औद्योगीकरण र समृद्धि भनेको मुठ्ठिभर दलाल तथा नोकरशाही पुँजीपतिवर्गका लागि हो र मजदुरहरुले त्यसका लागि चुपचाप श्रम गरेर त्याग गर्नुपर्दछ। त्यसका साथै ती ठूला भनिएका राजनीतिक पार्टीसम्बद्ध मजदुर संगठनहरु समेतले फासिष्ट प्रकारको यो विधेयक पारित गर्न सहयोग गर्नुले के प्रमाणित गरेको छ भने उनीहरु कथित दातृ निकायद्वारा लामो समयदेखि ठूलो लगानीमा तालिम दिइएका दलाल पुँजीपतिवर्गको हितमा काम गर्न खटाइएका कठ्पुतली संगठनहरु हुन्। यो विधेयक पारित गर्न उनीहरुले पर्दाभित्रबाट खेलेको भूमिकालाई हेर्ने हो भने आगामी दिनहरुमा ती संगठनहरु मजदुरका नाममा पुँजीपतिका नाममा तयार पारिएका र उनीहरुकै काम गर्न खटाइएका दलाल संगठनहरु हुन्। तर स्थिति उनीहरुले चाहेजस्तो मात्र छैन। नेपाली मजदुर आन्दोलनमा मजदुर पक्षीय संगठन र शक्तिहरु पनि सशक्त रुपमा क्रियाशिल रहेका छन्। यिनै मजदुरपक्षीय संगठनहरु, सचेत मजदुरहरुसँग एकाकार हुँदै क्रान्तिकारी मजदुर आन्दोलनको पहल र विस्तार गर्न दृढतापूर्वक लाग्नु आजको आवश्यकता रहेको छ। त्यसका लागि हाम्रो संगठन अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघ दृढतापूर्वक अगाडि बढ्न प्रतिबद्ध रहेको छ।

# काजक्रियाको विकल्पमा शोकसभा सम्पन्न



**तेह्रथुम।** नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य तथा अखिल नेपाल लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चाका संयोजक केवी फुदोङकी दिवंगत आमा मायारानी फुदोङको शोकसभा असोज १३ मा सम्पन्न भएको छ।

रुढीवादी तथा परम्परागत काजक्रियाको विकल्पमा तेह्रथुमको साप्लामा क्रान्तिकारी माओवादी तेह्रथुमले आयोजना गरेको शोकसभामा स्वर्गीय मायारानी फुदोङको फोटोमा माल्यार्पण, पुष्पगुच्छा चढाएर एक मिनेट मौनधारण गरियो। शोकसभालाई सम्बोधन गर्दै स्व.मायारानीका जेठा छोरा केवी फुदोङले भने, "पुरानो रुढीवादी परम्परा अनुसारको राँगा, खसी ढालेर ठुलठुला भोज भतेर लाउने काजक्रिया अब त्याग्दै जानुपर्छ, त्यसको ठाउँमा शोकसभाको आयोजना गरेर मृतकले आफ्नो जीवनमा गरेका सकारात्मक कामको बारेमा बोल्नु मृतकप्रतिको बास्तविक श्रद्धाञ्जली ठहर्छ।" स्व.मायारानी फुदोङ महान भएका कारण शोकसभाको आयोजना नगरिएको बताउँदै उनले भने, "हाम्रो ढाड सेक्ने महंगो पुरानो परम्परा मिल्काएर मितव्ययी, सकारात्मक र प्रगतिशिल बाटोमा समाजलाई डोऱ्याउन यस्तो कामको थालनी गरिएको हो।" सो शोकसभालाई देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सदस्यद्वय गोपाल विक, तारक तुम्बाहाङफे, संघीय समाजवादी फोरम नेपालका जिल्ला उपाध्यक्ष श्री मानध्वज सम्बाहांफे, नेकपा मार्क्सवादीका पिबिएम टंक भट्टराई, माओवादी केन्द्रका जिल्ला सदस्य तारा भट्टराई, संघीय लिम्बुवान मञ्चका जिल्ला अध्यक्ष देउनारायण सम्बाहांफे, नेका तथा वडानागरिक मञ्चका वडा संयोजक राजेन्द्र तामाङ, राप्रपाका प्रतिनिधी लिला बहदुर फुदोङले यो सकारात्मक कामको थालनी भएको भन्दै स्व. मायारानी फुदोङका बारेमा बोलेका थिए।

क्रान्तिकारी माओवादीका जिल्ला सहसंयोजक यम फुदोङको सभापतित्व सम्पन्न शोकसभाको सञ्चालन पार्टीका जिल्ला संयोजक सुबास फोम्बोले गरेका थिए। अन्तमा, चियापानका साथ कार्यक्रम समापन भएको थियो।

# क्रान्तिकारी यातायात मजदुरहरुको आपत्ति

**काठमाडौं।** नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर संघले हालै काठमाडौंमा भएको ट्याक्सी आन्दोलनमा आफ्नो संगठनको नाम मुछेकोप्रति गम्भीर आपत्ति प्रकट गरेको छ। आफूहरुले गर्दै नगरेको आन्दोलनमा असोज १३ गते कान्तिपुर दैनिकमा प्रकाशित समाचारमा आफ्नो संगठनको नाम मुछिएकोमा संघका अध्यक्ष जितबहादुर राईले आपत्ति प्रकट गरेका हुन्।

उनले ट्क्यासी आन्दोलनमा आफ्नो संगठनको संलग्नता नरहेको पनि स्पष्ट पारेको छ। आफूलाई ठूला सञ्चारगृह भनाउनेहरुले नै हचुवाको भरमा समाचार सम्प्रेसण गरेकोमा उनले आश्चर्य प्रकट गरेका छन्। आन्दोलनमा राजावादी र माओवादी केन्द्रका केही व्यक्तिले संगठनलाई बदनाम गराउन खोजेको उनको भनाई छ। आफूहरुले मागपत्र पेश गर्ने तयारी गरिरहँदा केही व्यक्तिले समग्र मजदुरको हितमा भन्दा पनि घरायसी माग राखी आन्दोलित गराइएकोले यसको कुनै तुक नरहेको बताए।

साथै क्रान्तिकारी पत्रकार महासंघका विषयमा फैलाउन खोजिएको भ्रममा नपर्न पनि महासंघले सबैलाई अनुरोध गरेको छ।

शुभकामना !

हिन्दूहरुको महान चाड विजया दशमी, दीपावली तथा छठ पर्वको अवसरमा हाम्रा सम्पूर्ण सेवाग्राहीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

हिमालयन जनरल इन्स्योरेन्स कं.लि. परिवार

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, जिपिओ, १४८,

फोन नं. ०१-४२३१७८८, फ्याक्स नं. ०१-४२४१५१७

इमेल : ktm@hgi.com.np







**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं